# मजदुर
The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

**मजदुर दैनिक**
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७, ६६२०५५९



वर्ष : २६ ★ अङ्क : ११२ ★ ने. सं. ११४४ वछला थ्व, षष्ठी ★ मङ्गलबार ★ १ जेठ, २०८१ ★ May 14, 2024, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८





संरा अमेरिकाको राजधानी वासिङ्टनअन्तर्गतको सियाटल सहरमा प्यालेस्टिन समर्थक प्रदर्शनकारी र 'युनाइटेड फर इजरायल' मार्चमा सहभागी इजरायल समर्थकहरूबिच हुनलागेको भिडन्तलाई रोक्न बिचमा लाइन बनाएर छेक्दै वासिङ्टन प्रहरी मे १२, २०२४ का दिन । इजरायल र बोइङसँग वाशिङ्गटन विश्वविद्यालयको सम्बन्धको विरोध गर्दै क्याम्पमा धर्ना दिइरहेका प्यालेस्टिन समर्थक प्रदर्शनकारीहरूमाथि इजरायल समर्थक प्रदर्शनकारीहरूको भिडले आक्रमण गर्ने कोसिस गरेको थियो ।

*तस्बिर : जेसन रेडमन्ड/एएफपी*

# पार्टी कार्यकर्ताहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा सुसूचित हुनुपने

ललितपुर, ३१ वैशाख । नेपाल क्रान्तिकारी महिला सङ्घ गोदावरीको आयोजनामा आइतबार गोदावरी ११ नं वडामा महिलाहरूमाझ २०६ औँ मार्क्स दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य राजवीर डंगोलले भन्नुभयो, "पार्टीका श्रद्धेय अध्यक्ष रोहितले व्यापक कामदार जनताको सेवाको लागि कार्यकर्ताहरू पार्टीसँग जीवित सम्पर्कमा रहेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा सुसूचित हुनुपर्ने, आफ्नो व्यक्तिगत जीवनबारे पनि पार्टीमा जानकारी दिनुपर्ने, पार्टीभित्र प्रतिक्रियावादीहरू घुस्न सक्नेबारे सचेत हुनुपर्ने र अन्धविश्वासको विरोध गर्नुपर्ने निर्देशन दिनुभएको छ ।"

उहाँले पार्टी प्रकाशन, क्रान्तिकारी नेताहरूको जीवनी, विश्वका मजदुर र कम्युनिस्ट आन्दोलनहरूबारे अध्ययन र अन्तरक्रिया गर्ने, कार्यकर्ता, शुभेच्छुक र जनताको राजनीतिक र सांस्कृतिक स्तर उकास्ने कार्य प्रत्येक कार्यकर्ताको हो भन्नुभयो ।

केन्द्रीय सदस्य डंगोलले नेपाली काङ्ग्रेस विदेशी पुँजीको सेवा गर्ने, एमाले भाइ काङ्ग्रेस भएको र माओवादी पार्टी भारतको 'ट्रोजन हर्स' को रूपमा प्रयोग भएको उल्लेख गर्दै ती कम्युनिस्ट नामधारी पार्टीहरू तत्कालीन रुसको मेन्सेभिकजस्तै हो भन्दै नेमकिपा मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मार्ग निर्देशक सिद्धान्तको रूपमा अँगाली कार्य गरिरहेको छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय वैकल्पिक सदस्य एन. महर्जनले भारतीय दूतावासले नेपालमा २० करोड रूपैँयासम्मको योजना बनाई सिधैँ खर्च गर्ने र नेपालको दस हजार मेगावाट बिजुली भारतलाई दिने पुस १९ गतेको सम्झौता खारेज गर्नुपर्ने, नेपाली भूमि डुबानमा पर्ने गरी सिमानामा अन्तर्राष्ट्रिय कानुनविपरीत भारतले एकतर्फी बनाएका बाँधहरू भत्काउनुपर्ने, नेपालको हितविपरीतका कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, मुगु कर्णाली, अरुण तेस्रो, तल्लो अरुण, अरुण चौथो, पश्चिम सेती, सेती नदी १, फुकोट कर्णाली, पञ्चेश्वरलगायतका सन्धि सम्झौता खारेज गर्नुपर्ने, नेपाली भूमि कालापानीमा बसेका भारतीय सेनालाई तत्काल हटाउनुपर्ने, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि खारेज गर्नुपर्ने, नेपाल-भारतबिचको खुला सीमा बन्द गरी नियमन गर्नु जरुरी भएको

***बाँकी पृष्ठ ८ मा***

# कञ्चनपुरमा कार्यकर्ता भेटघाट तथा अध्ययन गोष्ठी




कैलाली, ३१ वैशाख । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति कैलालीको आयोजनामा २०६ औँ कार्ल मार्क्सको जन्मजयन्तीको अवसरमा जानकी गाउँपालिका वडा नं.४ कञ्चनपुरमा कार्यकर्ता भेटघाट तथा मार्क्सको जीवनी अध्ययन गोष्ठी सोमबार भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले आमूल परिवर्तन गर्न एक ऐतिहासिक युग लाग्नेतर्फ कार्यकर्ताहरू सचेत हुनुपर्ने बताउनुभयो ।

मार्क्सवाद-लेनिनवाद र माओ विचारधारा नेमकिपाको मार्गनिर्देशक सिद्धान्त रहेको स्पष्ट पार्दै उहाँले कामदार जनताको भविष्य समाजवादी व्यवस्थामा मात्र राम्रो हुने बताउनुभयो ।

नेमकिपा कैलालीका अध्यक्ष रमेशकुमार रावलले मार्क्सको जीवनी, जेनी मार्क्सको योगदान र मार्क्स सङ्घर्षशील जीवनबारे बताउनुभयो ।

कार्यक्रममा लक्ष्मी पुन, हिक्मत भण्डारी, गगन थापामगर र सङ्गम तारामीले पनि बोल्नुभएको थियो ।

# 'कम्युनिस्ट घोषणापत्र' माथि अन्तरक्रिया

सुर्खेत, ३१ वैशाख । नेपाल मजदुर किसान पार्टी सुर्खेत जिल्ला समितिको आयोजनामा शनिबार 'कम्युनिस्ट घोषणापत्र' विषयमा अन्तरक्रिया कार्यक्रम भयो ।

कार्ल मार्क्स जन्म जयन्तीको अवसरमा भएको उक्त कार्यक्रमम नेमकिपा सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले विश्व कम्युनिस्ट आन्दोलनमा मार्क्सवादले पुऱ्याउनुभएको योगदान र कार्ल मार्क्सको जीवन सङ्घर्षबारे जानकारी दिनुभयो ।

कार्यक्रममा तुलसी खड्का, चेतन पाँडे, टिकाराम कठायत, शेरबहादुर शाही, गोविन्दनाथ योगी, प्रकाश शाही, अकल रानाले कम्युनिस्ट घोषणापत्रबारे आ-आफ्नो धारणा राख्नुभयो ।

कार्यक्रम लालबहादुर थापाले सञ्चालन गर्नुभएको थियो ।


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

**नगरवासीहरुलाई अत्यन्त जरुरी सूचना**

भक्तपुर नगरपालिका क्षेत्र बाहिरका सहकारी संस्थाहरूबाट दैनिक बचत सङ्कलकहरू पठाई नगरवासीहरूको रकम सङ्कलन गरी फिर्ता नदिने क्रम बढ्दै गइ रहेको देखिएकोले नगर बाहिरका सहकारी संस्थाहरूबाट सङ्कलकहरू आई दैनिक बचत रकम सङ्कलन गर्न आएको खण्डमा दैनिक बचत रकम जम्मा नगर्न सम्पूर्ण नगरवासीहरूमा भक्तपुर नगरपालिका अनुरोध गर्दछ ।

## VACANCY ANNOUNCEMENT

We are looking for an experienced, trained, energetic and self-motivated candidates for the following posts.

| S.N. | Level | Nos | Requirements | Salary |
|---|---|---|---|---|
| 1. | Social Studies (Secondary) | 1 | Minimum Bachelor or Equivalent | Negotiable |

Interested candidates are required to apply with their updated CV, recent pp size photo, handwritten application, certificates of academic degrees and training within Jestha-07, 2081.

**An Undertaking of Bhaktapur Jaycees Public Educational Trust**

## Jaycees Secondary School
Indrayani Pith, Khauma-2 Bhaktapur
Contact No. 01-6611111,01-6618307,9851338688
Email : jayceessecschool@gmail.com

# अरनिको राजमार्गअन्तर्गतको आदर्श चोक कायम गर्ने विषयमा छलफल



भक्तपुर, ३१ वैशाख । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली-बर्दिबास सडक आयोजनाअन्तर्गत अरनिको राजमार्गमा पर्ने आदर्श चोक कायम गर्ने विषयमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधि, आयोजनाका प्रमुख तथा प्राविधिकहरू र स्थानीय सरोकारवालाहरूबिच सोमबार छलफल भयो ।

छलफलको क्रममा आदर्श चोक निर्माणको सम्भाव्यता अध्ययन गर्न भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँको संयोजकत्वमा ९ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो । उक्त कार्य दललाई सोमबारको मितिबाट १५ दिनभित्र आदर्श चोकलगायत निर्माणबारे सम्भाव्यता अध्ययन प्रतिवेदन भक्तपुर नगरपालिकाका प्रमुखसमक्ष पेस गर्ने जिम्मा दिइयो ।

सडक निर्माण गर्ने क्रममा स्थानीय जनतालाई आवतजावतमा बाधा पुग्न सक्ने सम्भावनालाई ध्यान दिएर स्थानीय जनताले आदर्शमा चौबाटो कायम गर्ने माग गर्दै आएका थिए । दैनिक हजारौँ विद्यार्थीहरू, स्थानीय जनता आवतजावत हुने उक्त सडकमा अग्ला अग्ला पर्खाल बनाइदिँदा जनतालाई निकै दुःख हुने भएकोले उचित विकल्प दिनुपर्ने माग गर्दै काममा अवरोध गर्दै आएका थिए ।

केही दिनअघि स्थानीय जनताको एक प्रतिनिधिमण्डलले नगर प्रमुख प्रजापतिलाई भेटेर समस्या समाधान गर्न ध्यानाकर्षण गरेको थियो ।

# महत्त्वाकाङ्क्षी लक्ष्यसहित तयार भयो सोह्रौँ पञ्चवर्षीय आवधिक योजना

काठमाडौँ, ३१ वैशाख (रासस) । 'सुशासन, सामाजिक न्याय र समृद्धि' मुख्य लक्ष्यसहित सोह्रौँ पञ्चवर्षीय आवधिक योजना (२०८१/८२-२०८५/८६) को मस्यौदा अन्तिम स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पठाइएको छ । राष्ट्रिय योजना आयोगले सोह्रौँ आवधिक योजनाको मस्यौदा आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको हो ।

आगामी आर्थिक वर्ष २०८१/८२ बाट कार्यान्वयनमा जाने यो आवधिक योजनालाई गत माघ मसान्तभित्र ल्याइसक्ने गरी राष्ट्रिय योजना आयोगले कार्यसूची बनाएको भए पनि हालसम्म स्वीकृत हुने सकेको छैन । यद्यपि, सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटसँग तालमेल हुनेगरी आवधिक योजना तयार पार्नुपर्ने भएकोले अन्तिम स्वीकृतिको लागि केही समय लागेको आयोगले जनाएको छ ।

नयाँ आवधिक योजनाको मस्यौदामा केही महत्वाकांक्षी लक्ष्य राखिएका छन् । आर्थिक वर्ष २०८५/८६ मा आर्थिक वृद्धिदर सात दशमलव तीन प्रतिशत र प्रतिव्यक्ति आय अमेरिकी डलर दुई हजार चार सय १३ पुर्‍याउने लक्ष्य छ । चालु आवमा नेपालको प्रक्षेपित आर्थिक वृद्धिदर तीन दशमलव नौ प्रतिशत र प्रतिव्यक्ति आय अमेरिकी डलर एक हजार चार सय ५६ रहेको छ ।

त्यसैगरी, अहिले निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या २० दशमलव तीन प्रतिशत रहेकोमा पाँच वर्षभित्रमा १२ प्रतिशतमा झार्ने लक्ष्य निर्धारण गरिएको छ । गत आर्थिक वर्ष २०७९/८० मा उपभोक्ता मुद्रास्फीति सात दशमलव सात प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८५/८६ मा पाँच प्रतिशतमा झार्ने लक्ष्य राखिएको छ । नयाँ आवधिक योजनाको मस्यौदाअनुसार मानव विकास सूचकाङ्कमा अहिले नेपालको सूचकाङ्क शून्य दशमलव ६०१ रहेकोमा पाँच वर्षमा शून्य दशमलव ६५० पुर्‍याउने, मानव सम्पत्ति सूचकाङ्क ७६ दशमलव तीनबाट ७८ पुर्‍याउने र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क २९ दशमलव सातबाट २४ मा झार्ने लक्ष्य निर्धारण गरिएको छ ।

नेपालीको औसत आयु अहिले ७१ दशमलव तीन वर्ष रहेकोमा पाँच वर्षभित्र ७३ वर्ष पुर्‍याउने लक्ष्य राखिएको छ । आधा घण्टाको दूरीमा स्वास्थ्य संस्थाको पहुँच भएका परिवारको सङ्ख्या अहिले ७७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८५/८६ मा ९० प्रतिशत पुर्‍याउने लक्ष्य राखिएको छ । त्यसैगरी साक्षरता दर हाल ७६ दशमलव दुई प्रतिशत रहेकोमा आवधिक योजना सकिँदासम्म ८५ प्रतिशत पुर्‍याउने र बेरोजगारी दर ११ दशमलव चार प्रतिशतबाट पाँच प्रतिशतमा झार्ने लक्ष्य सरकारको छ ।

अहिले तीन हजार एक सय मेगावाट हाराहारी रहेको जलविद्युत् उत्पादनलाई पाँच वर्षभित्रमा ११ हजार सात सय ६९ मेगावाट पुर्‍याउने लक्ष्य राखिएको छ । त्यसैगरी, इन्टरनेटको पहुँचमा अहिले ६९ दशमलव दुई प्रतिशत जनसङ्ख्या रहेकोमा आव २०८५/८६ सम्ममा ९० प्रतिशत पुर्‍याउने लक्ष्य निर्धारण गरिएको छ । बैङ्क तथा वित्तीय संस्थामा ६३ प्रतिशत परिवारको पहुँच रहेकोमा त्यसलाई बढाएर ८५ प्रतिशत पुर्‍याउने लक्ष्य निर्धारण गरिएको छ ।

विधिको शासन सूचकाङ्क शून्य दशमलव ५२ बाट शून्य दशमलव ८०, विश्वव्यापी प्रतिस्पर्धी सूचकाङ्क ५२ बाट ६५ र भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क ३५ बाट ४३ पुर्‍याउने लक्ष्य निर्धारण गरिएको छ । कुल विनियोजनमा खर्चको अनुपात ८० प्रतिशतबाट ९० प्रतिशत पुर्‍याउने, कूल गार्हस्थ्य उत्पादनको अनुपातमा बेरूजु १० दशमलव नौ प्रतिशत रहेकोमा पाँच प्रतिशतमा झार्ने र विद्युतीय सरकार सूचकाङ्क (ई-गभर्नेन्स इन्डेक्स) शून्य दशमलव ५१२ रहेकोमा शून्य दशमलव ६०० पुर्‍याउने लक्ष्य आवधिक योजनामा राखिएको छ ।

क्षेत्रगत सूचक तयार पारेर लक्ष्य तोकिएको छ भने त्यसको प्राप्तिका लागि रूपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रम आवधिक योजनामा राखिएको छ । आवधिक योजनाको मस्यौदामा आगामी पाँच वर्षभित्र मुलुकको कूल गार्हस्थ्य उत्पादन (जीडीपी) को आकार करिब रु. तीस खर्बले वृद्धि गर्ने लक्ष्य निर्धारण गरिएको छ । अहिले आधारभूत मूल्यमा जीडीपीको आकार रु. ५३ खर्ब ८१ अर्ब बराबर छ । १६ औँ योजनाको अन्तसम्ममा रु. ८० खर्ब देखि रु. ८६ खर्बको हाराहारी पुर्‍याउने लक्ष्य राखिएको छ । गत आवमा एक दशमलव ८६ प्रतिशत रहेको आर्थिक वृद्धिदरलाई नयाँ आवधिक योजनाको अन्त्यसम्ममा औसत सातदेखि साढे आठ प्रतिशतसम्म कायम गर्ने लक्ष्य मस्यौदामा राखिएको छ ।

योजना आयोगका अनुसार विभिन्न क्षेत्रगत रणनीतिसहितका हस्तक्षेपकारी कार्यक्रम राखेर आवधिक योजनाको मस्यौदा तयार पारिएको छ । मुख्य १४ वटा शीर्षकमा रूपान्तरणकारी रणनीति, प्रमुख हस्तक्षेपकारी कार्यक्रम र परिमाणात्मक लक्ष्यसहितको खाका आवधिक योजनामा छ । समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र तीव्रतर आर्थिक वृद्धि, उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षालगायतका क्षेत्रगत रूपमा शीर्षकहरू राखिएका छन् । त्यस्तै, गुणस्तरीय पूर्वाधार एवं एकीकृत यातायात व्यवस्था प्रणाली, आधुनिक, दिगो र व्यवस्थित शहरीकरण तथा बस्ती विकास, लैङ्गिक सशक्तीकरण, सामाजिक समावेशीकरण र परिचालन, प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास, गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण शीर्षक परिच्छेद छुट्याइएका छन् । प्रभावकारी वित्त व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि, अतिकम विकसितबाट विकासशील राष्ट्रमा स्तरोन्नती पश्चातको सहजीकरण र दिगो विकास लक्ष्य र हरित अर्थतन्त्रलगायतका विषय आवधिक योजनामा राखिएका छन् ।

हाल १७ दशमलव ८ प्रतिशत रहेको राजस्व र जीडीपीको अनुपात २४ प्रतिशतभन्दा माथि पुर्‍याउने लक्ष्य तय गरिएको छ । जीडीपी अनुपातमा सङ्घीय खर्च हाल साढे २६ प्रतिशत बराबर रहेकोमा त्यसलाई ३२ प्रतिशत पुर्‍याउनेगरी लक्ष्य तय गर्न लागिएको छ । त्यस्तै, सार्वजनिक ऋण जीडीपीको ४५ प्रतिशतभन्दा माथि जान नदिनेगरी तय गरिएको छ । हाल २७ प्रतिशत रहेको जीडीपीमा व्यापार घाटाको अनुपात २४ प्रतिशतभन्दा घटाउने लक्ष्य राखिएको छ । कूल निर्यात जीडीपी अनुपातमा सात प्रतिशतभन्दा माथि पुर्‍याउने लक्ष्य छ । जुन अनुपात हाल साढे तीन प्रतिशत छ । अहिले जीडीपी अनुपातमा कूल आयात ३४ दशमलव पाँच प्रतिशत रहेकोमा त्यसलाई ३१ प्रतिशतभन्दा तल पुर्‍याउने गरी लक्ष्य निर्धारण गर्न लागिएको छ । विप्रेषण आय र कुल गार्हस्थ्य उत्पादन अनुपात २२ देखि २४ प्रतिशत हाराहारी राख्ने गरी लक्ष्य निर्धारण गर्न लागिएको छ ।

आन्तरिक उत्पादन र उत्पादकत्व बढाउन केही महत्वाकांक्षी लक्ष्य राखिएका छन् । आन्तरिक उत्पादन बढाउन १७ वटा औद्योगिक क्षेत्र सञ्चालनमा ल्याउने, एक सय ४० वटा औद्योगिक ग्राम घोषणा गर्ने, विशेष आर्थिक क्षेत्र (सेज) को सङ्ख्या दुईबाट तीन पुर्‍याउने लक्ष्य मस्यौदामा छ । त्यस्तै, हाल दुई हजार आठ सय हाराहारी रहेको विद्युत् उत्पादन जडित क्षमता ११ हजार आठ सय हाराहारी पुर्‍याउने, प्रतिव्यक्ति विद्युत् खपत तीन सय ८० किलोवाट घण्टाबाट बढाएर सात सय किलोवाट घण्टा पुर्‍याउनेलगायतका लक्ष्य आवधिक योजनाको मस्यौदामा छ ।

नयाँ आवधिक योजनाको अन्त्यसम्ममा वार्षिक रु. ४१ अर्ब बराबरको बिजुली निर्यात गर्ने र समग्र व्यापार घाटा कम गर्न ऊर्जा क्षेत्रको योगदान करिब चार प्रतिशत पुर्‍याउने लक्ष्य तय गरिएको छ । हाल १५ लाख ५५ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेकोमा त्यसलाई १७ लाख २२ हजार हेक्टर पुर्‍याउने लक्ष्य निर्धारण गर्न लागिएको छ । आधारभूतस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या हाल ९६ प्रतिशत रहेकोमा त्यसलाई ९९ प्रतिशत पुर्‍याउने लक्ष्य नयाँ आवधिक योजनाको मस्यौदामा छ ।

त्यस्तै, वार्षिक १२ लाख हाराहारीमा रोजगारी सिर्जना गर्ने, श्रमिकको न्यूनतम पारिश्रमिक २५ हजार पुर्‍याउने, सामाजिक सुरक्षा कोषमा आबद्ध हुने लाभग्राहीको सङ्ख्या २० लाख पुर्‍याउने र श्रम सम्झौता भएका गन्तव्य मुलुकको सङ्ख्या १५ वटा पुर्‍याउने लक्ष्य नयाँ आवधिक योजनाको मस्यौदामा समावेश छ ।

मातृ मृत्युदर प्रतिलाख जीवित जन्ममा एक सय ५१ जना रहेकोमा त्यसलाई ८५ मा झार्ने लक्ष्य राखिएको छ । वार्षिक बजेटमा स्वास्थ्य क्षेत्रको बजेट १० प्रतिशत हाराहारी पुर्‍याउने गरी लक्ष्य निर्धारण गर्न लागिएको छ । पाँच वर्ष र सोभन्दा माथिको साक्षारतादर शत प्रतिशत पुर्‍याउने, शिक्षण सिकाइमा इन्टरनेटको पहुँच भएका शैक्षिक संस्था शतप्रतिशत पुर्‍याउने, विद्युत् पहुँच शतप्रतिशत राख्ने लक्ष्यसहित मस्यौदा बनेको छ ।

विसं. २०८१ साउन तेस्रो हप्ता बसेको राष्ट्रिय योजना आयोगको पूर्ण बैठकले सोह्रौँ पञ्चवर्षीय आवधिक योजना (२०८१/८२-२०८५/८६) को अवधारणापत्र स्वीकृत गरेको थियो । 'सुशासन, सामाजिक न्याय र समृद्धि'को सोचसहित सोह्रौँ योजनाको अवधारणा तयार पारिएको छ ।

# राष्ट्रिय जलवायु परिवर्तनसम्बन्धी प्रतिवेदन सार्वजनिक

काठमाडौँ, ३१ वैशाख (रासस) । केन्द्रीय तथ्याङ्क कार्यालयले मुलुकको हिमाल, पहाड र तराईको वस्तुस्थितिमा आधारित भई तयार पारेको राष्ट्रिय जलवायु परिवर्तनसम्बन्धी प्रतिवेदन सार्वजनिक गरेको छ ।

संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (यूएनडीपी) को सहयोगमा २९ जिल्लाका ६ हजार पाँच सय घर परिवारमा पुगी तयार पारिएको सो प्रतिवेदन प्रमुख तथ्याङ्क अधिकारी अर्जुनप्रसाद पोखरेल र नेपालस्थित यूएनडीपीका आवासीय उपप्रमुख जुलियन सेभिलार्डले सोमबार आयोजित कार्यक्रममा सार्वजनिक गर्नुभएको हो ।

कम्तीमा २५ वर्ष एकैस्थानमा बसोबास गर्दै आएका ४५ वर्षमाथिका सर्वसाधारणलाई सोधिएको प्रश्नावलीका आधारमा प्रतिवेदन तयार गरिएको तथ्याङ्क कार्यालयले जनाएको छ । सो अवसरमा प्रमुख तथ्याङ्क अधिकारी पोखरेलले देशको समग्र भूभाग समेट्नेगरी जलवायु परिवर्तन सम्बन्धी तयार गरिएको प्रतिवेदन नीति निर्माण तहमा कोसेढुङ्गा सावित हुने विश्वास व्यक्त गर्नुभयो ।

यूएनडीपीका उपप्रमुख सेभिलार्डले सरकारी निकायसहित विकास साझेदार र गैरसरकारी संस्थालाई नीति निर्माण एवं कार्यक्रम तर्जुमा गर्न जलवायु परिवर्तनसम्बन्धी प्रतिवेदनले सहयोग पुर्‍याउने धारणा व्यक्त गर्नुभयो । प्रतिवेदनमा खडेरी, बाढी, पहिरो, वन अतिक्रमण र डढेलो, भूक्षय, रासायनिक मल एवं विषादीको अधिक प्रयोगलगायतका कारण तापक्रम वृद्धि भई जलवायु परिवर्तनको असर देखिएको उल्लेख छ ।

# छोराछोरीका लागि पोषिलो खाजा बनाउन अभिभावकलाई तालिम

गलेश्वर (म्याग्दी), ३१ वैशाख । प्याकेटमा बन्द गरिएका तयारी खाजाका कारण बालबालिकाको स्वास्थ्यमा नकारात्मक असर देखिन थालेपछि म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले पोषिलो खाजा बनाउन अभिभावकलाई तालिम दिएको छ ।

गाउँपालिकाले दिवाखाजामा पत्रुखानालाई रोक्न जैविक (अर्गानिक) र स्थानीयस्तरमा उत्पादन हुने पोषणयुक्त खाजा अनिवार्य गर्न अभिभावकलाई पोषिलो खाजा बनाउन तालिम दिएको हो । चाउचाउ र बिस्कुटजस्ता पत्रुखाना दिवा खाजाका रूपमा प्रयोग गर्ने पूर्णरूपमा रोक लगाउँदै पोषणयुक्त खाजालाई मात्रै विद्यालयमा प्रयोग गर्नेगरी गाउँपालिकाले पहिलो चरणमा चार वडामा शिक्षक र अभिभावकको उपस्थितिमा तालिम दिइरहेको हो ।

गाउँपालिकाले वडा नं १ दोवा, वडा नं २ भुरुङ तातोपानी, वडा नं ३ दाना र वडा नं ६ घारमा तालिम सञ्चालन गरेको गाउँपालिका उपप्रमुख दिवा तिलिजा पुनले जानकारी दिनुभयो । "पोषणयुक्त खाजा बनाउन सिकाइएको छ, अब अर्गानिक बाहेकको खाजालाई प्रयोग गर्न नदिने गरी अभिभावकलाई नै तालिममा सहभागी गराइएको हो," उपाध्यक्ष पुनले भन्नुभयो ।

तालिमको सहजकर्ता बालकुमारी पुन र भगवती खड्काले बालबालिकाबाट पोषणयुक्त खानाको महत्त्वका बारेमा अभिभावकलाई जानकारी दिँदै गाउँघरमा पाइने पोषिलो खानेकुरा र रैथाने वस्तुको तयारी गर्ने प्रयोगात्मक अभ्यास गरिएको थियो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले विद्यालयमा पूर्णरूपमा पत्रुखाना निषेध गर्नेगरी सबै वडामा तालिमसहित नियमित अनुगमन गरिने बताउनुभयो । बालविकासदेखि कक्षा ५ सम्मका हरेक विद्यार्थीका लागि दैनिक रु. २० दिवाखाजाका लागि सरकारले उपलब्ध गराउने भए पनि गाउँपालिकाको कार्यपालिकाबाट ६ कक्षाका विद्यार्थीलाई खाजाका लागि बजेट विनियोजन गरेको छ । तालिममार्फत अभिभावकलाई पोषिलो रैथाने वस्तु उत्पादन गर्न सघाउने गाउँपालिकाले जनाएको छ । ***रासस***

# सहकारीको ८० लाख लुटेको आरोपमा दुईजना पक्राउ

गोदार (धनुषा), ३१ वैशाख । जनकपुरमा सहकारीको रु. ८० लाख लुटेको आरोपमा दुईजना पक्राउ परेका छन् । प्रहरीले धनुषाका जनक महतो र श्रवण कापरलाई आइतबार पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायव उपरीक्षक रञ्जन अवाका अनुसार दुवैजनालाई जनकपुरबाट पक्राउ गरिएको हो । पक्राउ परेका उनीहरूबाट लुटेकोमध्ये रु. १४ लाख ५३ हजार बरामद गरेको उहाँले बताउनुभयो ।

गत वैशाख २४ गते जनकपुरधाम उपमहानगरपालिका-१९ थुमौनास्थित पोखरीबाट धनुषाको सबैला-१२ रघुनाथपुरस्थित शुभश्री बचत तथा ऋण सहकारीको रु. ८० लाख लुटिएको थियो । सहकारीका कर्मचारी वीरेन्द्रकुमार महतोले जनकपुरको हिमालय बैङ्कबाट रु. ८० लाख रकम निकालेर लग्दै गरेको अवस्थामा नम्बर प्लेट नखुलेको मोटरसाइकलमा सवार तीन जनाले रकम भएको झोला लुटेर फरार भएका थिए । घटनाबारे अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । ***रासस***

# केन्द्रीय प्रहरी प्रवक्तामा प्रहरी वरिष्ठ उपरीक्षक कार्की

काठमाडौँ, ३१ वैशाख । नेपाल प्रहरीको केन्द्रीय प्रहरी प्रवक्तामा प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) दानबहादुर कार्की चयन हुनुभएको छ । प्रहरी प्रधानकार्यालयले सोमबार प्रहरी महानिरीक्षकका सचिवालयमा कार्यरत एसएसपी कार्कीलाई प्रहरी केन्द्रीय प्रवक्ताको जिम्मेवारी तोकेको हो ।

प्रहरीद्वारा सम्पादित जनसरोकारका काम-कारबाहीलाई यथार्थ तथा तथ्यगतरूपमा सञ्चारमाध्यममा सम्प्रेषण गर्नको लागि एसएसपी कार्कीलाई प्रवक्ताको जिम्मेवारी तोकिएको प्रहरी प्रधानकार्यालयले जनाएको छ ।

प्रहरी वरिष्ठ उपरीक्षक कार्कीलाई ९८५१२९२१११ र इमेल ठेगाना spokesperson@nepalpolice.gov.np मा सम्पर्क गर्न सकिने जनाइएको छ ।

# मुक्तकमैयाका लागि स्वरोजगारको आधार बन्यो 'ब्याण्डबाजा'

**- राजेन्द्रप्रसाद पनेरु**

कञ्चनपुर, ३१ वैशाख । कञ्चनपुरको कृष्णपुर नगरपालिका-२ बाणी मुक्तकमैया शिविरका छङ्गा राना लामो समयसम्म बेरोजगारजस्तै हुनुहुन्थ्यो । परिवारसँग उब्जनीका लागि पर्याप्त जग्गा छैन, न रोजगारीका लागि अर्को भरपर्दो विकल्प थियो । त्यसैले ज्यालामजदुरी गरेर उहाँको जीविका चल्यो तर पछिल्लो तीन वर्षयता भने उहाँको काम बदलिएको छ । त्यसले 'दाम' पनि राम्रै कमाई भइरहेको छ । त्यो काम हो- ब्याण्डबाजा बजाउने ।

उहाँमात्रै होइन सो शिविरका नौजना युवाले एक समूह बनाएर अहिले स्थानीयस्तरमा हुने विवाह र ब्रतबन्धमा ब्याण्डबाजा बजाएर जीविको चलाइरहेका छन् । रानाले भन्नुभयो, "स्थानीयस्तरमा विवाह हुने तर ब्याण्डबाजा बजाउने मान्छे नपाएर टाढाटाढाबाट महँगो रकम तिरेर बोलाउनुपर्ने अवस्था थियो । त्यो समस्या टार्न हामीले सीप सिक्यौ, पछि स्थानीय युवा मिलेर ब्याण्डबाजा बजाउने काम गरिरहेका छौँ । त्यसबाट राम्रै आम्दानी भइरहेको छ ।" उहाँका अनुसार सो समूहले एउटा विवाहमा ब्याण्डबाजा बजाएबापत रु. २० हजारदेखि ३० हजारसम्म ज्याला लिने गरेका छन् । प्रत्येक वर्ष सिजनमा औसतमा २० भन्दा बढी विवाहलगायतका समारोहमा बाजा बजाउने माग आउने गरेको छ ।

सोही समूहका अर्का सदस्य रामप्रवेश रानाले अहिले ब्याण्डबजा बजाएर जोहो गरेको आम्दानीले परिवारको लालनपालन र बच्चाहरूको पठनपाठनमा निकै सघाउ पुगेको बताउनुभयो । केही वर्षअघि हातमा सीप भए पनि पर्याप्त बाजा नहुँदा धेरैले आफ्नो समूहलाई काम नदिने गरेकामा स्थानीय तहले बाजा खरिदका लागि सहयोग गरेपछि अहिले भने भ्याईनभ्याई भएको उहाँको भनाइ छ ।

ब्याण्डबाजा बजाउने समूहका वीरा रानाले पनि ब्याण्डबाजा बजाउन थालेपछि आफ्नो परिवारका लागि हातमुख जोर्ने समस्या टर्दै गएको बताउनुभयो । वडा कार्यालयबाट बाजा पाएपछि त काम गर्न सहज हुनुका साथै माग धेरै आउन थालेकाले आम्दानी पनि बढ्न थालेको उहाँले बताउनुभयो । "रानाथारु समुदायमात्रै होइन पहाडीलगायतका गीत बाजामार्फत गाउन जान्ने र बाजागाजा पनि भएकाले अहिले धेरै ठाउँबाट माग आउन थालेको छ । त्यसैले विवाहको समयमा माग धौधौ हुने गरेको छ," वीराले भन्नुभयो ।

छङ्गा राना बाजाको व्यवस्था गरिदिन वडा कार्यालयलाई माग गरेपछि सुनुवाइ भएकामा निकै खुसी हुनुहुन्छ । रानाले भन्नुभयो, "बजाउने सीप भए पनि बाजा थिएनन् । त्यसैले माग पनि आउँथेन । वडा कार्यालयले रु. ५० हजारमा बाजा खरिद गरिदिएपछि हामी नौजनालाई नै सहज भएको छ ।"

वडा अध्यक्ष अर्जुन साउदले मुक्तकमैया युवालाई स्वरोजगार बनाउन आवश्यक रकमको व्यवस्था मिलाई बैण्डबाजा खरिद गरिएको बताउनुभयो ।

हाल बाणी मुक्तकमैया शिविरका बैण्डबाजा बजाउने युवासँग ट्रम्पट, ओवाउ, ब्रास, सहनाई, तम्बुर, ड्रम, झुनझुनालगायतका बाजा छन् । विवाहको समयमा ब्याण्डबाजा बजाउने युवाहरूले अरु बेला कपाल काट्ने, राजमिस्त्री, किराना पसल, तरकारी खेतीलगायतका काम गरी आम्दानी गर्दै आएका रामनाथ रानाले बताउनुभयो ।

बैण्डबाजा बजाउने कार्य भने ती युवाले घरमै अभ्यास गरेर सिकेका हुन् । "सुरूमा अरुले बजाएको देखेर हामीले सिकेको थियौँ, त्यसपछि भारतीय बजारबाट बाजा खरिद गरेर घरमै अभ्यास गर्यौँ । आखिर इच्छाशक्ति भयो भने त हुँदो रहेछ नि !," रामप्रसादले रासससँग भन्नुभयो ।

धेरै युवाहरूले काम पाइएन भनेर गुनासो गरिरहेका हुन्छन् । पहिलेदेखि नै बाजा बजाउने काम गर्दै आएका कतिपय समुदायका युवाहरूसमेत यो पेशाबाट पलायन भइरहेका छन् । तर, यहाँका मुक्तकमैया युवाहरू भने ब्याण्डबाजा बजाएर राम्रो आम्दानी गरिरहेका छन् । यस कार्यको यहाँ निकै प्रशंसा भइरहेको छ । ***रासस***

# वर्षाका कारण मुग्लिन-पोखरा सडक आवागमनमा सास्ती



दमौली (तनहुँ), ३१ वैशाख । निर्माणाधीन मुग्लिन-पोखरा सडकखण्ड ढिलाइ हुँदा वर्षामा सर्वसाधारणले सास्ती बेहोर्नुपरेको छ । केही दिनदेखि परेको वर्षाका कारण राजमार्ग हिलाम्य र जलमग्न हुँदा सर्वसाधारणले सास्ती बेहोरेका हुन् ।

मुग्लिन-पोखरा सडक योजनाको पश्चिम खण्डअन्तर्गत तनहुँको म्याग्देका विभिन्न भाग हिलाम्य हुँदा सवारीसाधन सञ्चालनमा कठिनाइ भएको छ । म्याग्दे गाउँपालिकाको मौरीओडार, थर्पुलगायत ठाउँमा सवारीसाधन तथा पैदल यात्रामा समस्या बढेको स्थानीय बताउँछन् ।

"दुईपाङ्ग्रे सवारीसाधनलाई निकै सास्ती हुने गरेको छ । हिलोका कारण चिप्लिएर दुर्घटनासमेत हुने गरेको छ," म्याग्दे-४ मनहरिका गौरवराज रानाले भन्नुभयो । पानी परेपछि म्याग्देका विभिन्न ठाउँमा आवागमनमा निकै सास्ती हुने गरेको भन्दै निर्माणमा ढिलासुस्ती हुँदा नागरिकलाई सास्ती भएको उहाँको भनाइ छ ।

रानाका अनुसार थर्पु बजारबाट अकला मन्दिरसम्मको भागमा काम नहुँदा समस्या भएको छ । अधिकांश ठाउँमा एकतर्फी कालोपत्र भए पनि थर्पु बजारबाट अकलासम्मको भागमा कामको गति शून्य रहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "म्याग्देको रिठ्ठेपानीमा सडक नै जलमग्न छ । साना सवारीसाधन आवतजावतमा समस्या हुँदै आएको छ ।"

मुग्लिन-पोखरा सडक प्रयोग गर्दै पोखरातर्फ जानेले भने वैकल्पिक सडक प्रयोग गर्न सकन्छन् । यो सडकमा धुलो र हिलोले सास्ती खेप्न थालेपछि सर्वसाधारणले वैकल्पिक मार्ग प्रयोग गर्न थालेका छन् । सदरमुकाम दमौलीको भोर्लेटारचोकबाट कलेस्ती, लमजुङको मध्य नेपालको दुइपिप्ले, न्यौपानेवेशी, कास्कीको रूपा गाउँपालिकाको पोल्याङ, देउराली, राजाको चौतारा, पोखरा महानगरपालिकाको शिशुवा हुँदै पोखरा निस्कन सकिन्छ ।

यो सडक पूरै कालोपत्र गरिएको छ । धुलो र हिलोको सास्ती रहेकाले आफू यही मार्ग हुँदै पोखरा आवतजावत गर्ने गरेको दमौलीका सुदीप मोहम्मदले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिलेको अवस्थामा पृथ्वीराजमार्ग हुँदै पोखरा जानसक्ने अवस्था छैन । वैकल्पिक सडक प्रयोग गरी पोखरा जाने गरेको छु । बाटो सफा छ, कालोपत्र छ । धुँवाधुलो केही छैन ।"

पृथ्वीराजमार्गको अवस्थाका कारण आजभोलि धेरैजसो साना तथा निजी सवारीसाधन यही बाटो हुँदै आवजावत गर्नेक्रम बढेको छ । पर्यटक बससमेत यही बाटो हुँदै पोखरा पुग्ने र पोखराबाट दमौली हुँदै काठमाडौँ जाने गरेका छन् । दमौलीबाट पृथ्वीराजमार्ग हुँदै पोखरा जाँदा ४९ किलोमिटर दूरी छ भने दमौलीबाट पोल्याङ हुँदै पोखरा पुग्न ५९ किलोमिटर पर्दछ ।

मुग्लिन-पोखरा सडकको पूर्वी खण्डमा केही प्रगति भए पनि पश्चिम खण्डमा प्रगति निराशाजनक छ । पूर्वी खण्डअन्तर्गत आँबुखैरेनीबाट जामुनेसम्म ५६ र पश्चिम खण्डअन्तर्गत जामुनेबाट पोखरासम्म २३ प्रतिशत प्रगति भएको पूर्वी खण्डका इञ्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो ।

उहाँका अनुसार पूर्वी खण्डको म्याद अवधि वैशाख २ गतेदेखि सकिएको छ भने पश्चिम खण्डको म्याद चार महिना बाँकी छ । पूर्वी खण्डको म्याद सकिए पनि कामलाई निरन्तरता दिइएको पाण्डेले बताउनुभयो । यो खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई विसं २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको थियो ।

पश्चिम खण्डको म्याद अवधि विसं २०८१ भदौ १२ गतेसम्म रहेको छ । यो खण्डमा विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो । यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्सट्रक्सनले पाएको छ । ***रासस***

# झापामा आठ लाखलाई हात्तीपाइले रोगविरुद्धको औषधि

बनियानी (झापा), ३१ वैशाख । झापामा आठ लाख चार हजार सात सय ३७ जनाले हात्तीपाइले रोगविरुद्धको औषधि सेवन गरेका छन् । यही वैशाख १६ देखि ३० गतेसम्म भएको आम औषधि सेवन अभियानअन्तर्गत जिल्लाका १५ पालिकाका नागरिकलाई सो औषधि खुवाइएको हो ।

स्वास्थ्य कार्यालय झापाका निमित्त प्रमुख रमेश बाराकोटीका अनुसार १५ दिने अभियानअन्तर्गत आठ पालिकामा लक्ष्यअनुरूप औषधि खुवाइएको छ । बिर्तामोडमा सबैभन्दा धेरै एक लाख २० हजार चार सय ४८ जनाले औषधि सेवन गरेका छन् । सबैभन्दा न्यून भद्रपुर नगरपालिकामा ३२ हजार पाँच सय ४८ जनाले औषधि सेवन गरेका उहाँले जानकारी दिनुभयो ।

हात्तीपाइले रोगविरुद्धको अभियान सफल बनाउन ८० प्रतिशतभन्दा बढी औषधि सेवन दर आवश्यक रहेको स्वास्थ्य कार्यालय झापाका जनस्वास्थ्य निरीक्षक विश्वनाथ श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार बिर्तामोडले एक सय प्रतिशत, मेचीनगरमा ८१ दशमलव १२, बुद्धशान्तिमा ९१, कनकाईमा ८५ दशमलव १३, शिवसताक्षीमा ८८ दशमलव २६, गौरीगञ्जमा ८६ दशमलव ५९, बाह्रदशीमा ८६ दशमलव ६२ तथा कचनकवलमा ८६ दशमलव ६३ प्रतिशतले औषधि सेवन गरेका छन् ।

यस्तै, अर्जुनधारामा ७४ दशमलव ४४ प्रतिशत, कमलमा ७१ दशमलव ३९, दमकमा ७२ दशमलव ९५, गौरादहमा ६६ दशमलव ९२, झापा गाउँपालिकामा ७६ दशमलव ६८, हल्दिबारीमा ७१ दशमलव ९७ र भद्रपुरमा ४५ दशमलव ७४ ले औषधि सेवन गरेका छन् ।

हात्तीपाइले रोगविरुद्धको औषधि सेवन दर ८० प्रतिशत भन्दा कम रहेको स्थानमा १० दिन थप गरिएको जनस्वास्थ्य अधिकृत श्रेष्ठले बताउनुभयो । 'एकपटक खाऔँ, यो वर्ष अन्तिम बनाऔँ' भन्ने नाराका साथ झापामा वैशाख १६ गतेदेखि ३० गतेसम्म १३ औँ चरणको हात्तीपाइले रोगविरुद्धको आम औषधि सेवन अभियान सञ्चालन भएको थियो । कार्यालयले नौ लाख ६२ हजार आठ सय ६१ जनालाई औषधि सेवन गराउने लक्ष्य लिएको थियो ।

जिल्लामा औषधि सेवनका लागि ६ सय ६ स्वास्थ्य स्वयम्सेविका र सात सय ५० जना स्वास्थ्यकर्मी परिचालन गरिएको थियो । हात्तीपाइले रोग रगतमा बस्ने बिचेरिया ब्रानकोफ्री नामक परजीवीबाट लाग्ने गर्छ भने लामखुट्टेको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्छ । ***रासस***

# विषादी प्रयोगबारे सचेत बन्दै किसान

टीकापुर (कैलाली), ३१ वैशाख । रासायनिक मलको प्रयोगले मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल प्रभाव पार्ने भएकाले कैलालीका किसान जैविक विषादीको प्रयोग गर्न थालेका छन् । कैलालीका किसानले रोग कीरा नियन्त्रण गर्न रासायनिक विषादीको साटो जैविक विषादीको प्रयोग गर्न थालेका हुन् ।

विगतमा तरकारीमा कीरा लागेमा रासायनिक विषादी प्रयो गर्ने किसान आजभोलि स्वास्थ्य, वातावरण र माटो सुरक्षाका लागि सचेत बन्न थालेका छन् । तरकारी तथा अन्नबालीमा रोग कीरा लाग्यो की बजारबाट रासायनिक विषादी ल्याएर प्रयोग गर्ने गोदावरी नगरपालिका-४ बास्कोटाकी दुर्गा मल्ल आजभोलि घरमै जैविक विषादी बनाएर प्रयोग गर्ने गरेको बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "बाली बिरुवामा विनाशकारी कीरा, सुलसुले, जुका, चिप्लेकीरा, शङ्खेकीरा, मुसा, चरा, अवान्छित झार तथा रोग सार्ने सूक्ष्म जीवाणु ढुसी, ब्याक्टेरिया, भाइरसलगायतको समस्या रहन्छ । विगतमा यी प्राणीलाई नाश गर्न रासायनिक विषादी प्रयोग गर्ने गरिन्थ्यो, आजभोलि घरमै बनाएर जैविक विषादी प्रयोग गर्ने गरेका छौँ ।"

गोदावरी-४ खैरानाकी रेश्मीदेवी चौधरीले रोग कीरा लाग्यो कि आफ्नै घरमा बनाएको जैविक विषादी प्रयोग गर्नुहुन्छ । रेश्मीदेवीले भन्नुभयो, "रासायनिक विषादीले गर्ने असरबारे जानकार थिइनँ, त्यसैले जथाभावी प्रयोग गरिरहेकी थिएँ । आजभोलि विषादी प्रयोगबारे सचेत भएकी छु । विषादी प्रयोगमा सावधानी नअपनाएमा वा उचितरूपमा उपयोग नगरिएमा यसले उपयोगकर्ता, मानिस, घरपालुवा पशु, वन्यजन्तु र लाभकारी कीरालाई समेत हानि पुर्‍याउँछ भनेर घरमै बनाएको विषादी प्रयोग गर्न थालेकी हुँ ।"

किसानले जैविक विषादीका साथै मोहनी पासोसमेत थापेर कीरा नियन्त्रण गर्ने अभ्यास गरिरहेका छन् । यसले पनि बारीमा लगाएको बाली बचाउन सकिने उनीहरू बताउँछन् ।

चुरे गाउँपालिका-३ काफल गैराका तेजबहादुर बोहराले भन्नुभयो, "जैविक विषादी तथा विभिन्न किसिमका पासोहरू थापेर कीरा नियन्त्रण गर्न सकिएन भने मात्र अलिकति रासायनिक विषादी प्रयोग गर्छौं, नभए गर्दैनौँ । जैविक विषादी प्रयोग गर्नु मानव स्वास्थ्यका लागि राम्रो हो । लामो र स्वस्थ जीवनका लागि जैविक विषादीको प्रयोग गर्नुपर्छ ।"

जैविक विषादी खर्चका हिसाबले पनि राम्रो, मानव स्वास्थ्यलाई पनि हानी नगर्ने हुँदा जैविक विषादी प्रयोग गर्ने गरेको काफल गैराकै किसान मीनबहादुर शाहीको भनाइ छ । उहाँले भन्नुभयो, "मोहनी पासो र फेरोमन ट्र्यापलगायतका प्रविधि कीरा नियन्त्रणमा प्रयोग गरिरहेको छु । तरकारीमा किसानले नजानेर धेरै विषादी प्रयोग गर्ने रहेछन्, यसबाट मानव स्वास्थ्य सङ्कटमा पर्छ ।"

सहजपुरका किसान डबलबहादुर खडायत पनि २०५८ सालदेखि तरकारी तथा फलफूल खेती गरिरहनुभएको छ । उहाँले पहिले तरकारी तथा फलफूल खेतीमा रोग, कीरा लागेमा रासायनिक विषादी किनेर प्रयोग गर्नुहुन्थ्यो । तर, अहिले उहाँले जैविक विषादीबाहेक आफ्नो बारीमा अरु विषादी प्रयोग गर्नुहुन्न ।

उहाँ भन्नुहुन्छ, "घर वरिपरि पाइने झारपातको प्रयोग गरेर विषादी बनाउँछु । गाउँघरमा अहिले किसानले रासायनिक विषादी प्रयोग गर्न थाले यो नराम्रो हो भनेर सिकाउन समेत थालेको छु । रासायनिक विषादी प्रयोगले फाइदाको साटो बेफाइदा गरिरहेको छ ।"

कैलालीको चुरे गाउँपालिकाले पनि रासायनिक विषादीको साटो जैविक विषादी प्रयोगमा किसानलाई प्रोत्साहन गरिरहेको छ । जैविक विषादीबारे पालिकाका सबै किसान जानकार भएमा सहज हुने चुरे गाउँपालिका कृषि शाखा प्रमुख दीपक पाण्डे बताउनुहुन्छ । रासायनिक विषादीका असर धेरै रहेकाले किसानलाई सचेत गराउन थालिएको उहाँ बताउनुहुन्छ ।

प्रमुख पाण्डे भन्नुहुन्छ, "पालिकाले रासायनिक विषादीको साटो जैविक विषादीमा जोड दिइरहेको छ । जैविक विषादीको फाइदा धेरै भएकाले यसको प्रयोग बढाउन किसानलाई सुझाव छ । जैविक विषादी शत्रुजीवलाई मार्न प्रयोग गरिने जैविक वस्तु हुन् । जैविक वस्तुमा विभिन्न उपयोगी जीव, मित्रजीव एवं सूक्ष्म जीवहरू पर्नुका साथै विभिन्न जीव तथा वनस्पतिको तत्त्व, उत्पादन वा सक्रिय तत्त्वहरू मिसाएर बनाइन्छ ।"

प्रमुख पाण्डेका अनुसार जैविक विषादी वातावरण मैत्री र वातावरणीय पक्षबाट स्वस्थ हुने गर्दछ र एकीकृत शत्रुजीव व्यवस्थापनको महत्त्वपूर्ण अंश मानिन्छन् । कृषि बाली उत्पादन गर्दा र भण्डारणमा देखिने रोग कीरा नियन्त्रण गर्न सम्भव भएसम्म रासायनिक विषादीको विकल्प खोज्नुका साथै विषादीबाट स्वास्थ्यमा हुने अल्पकालीन र दीर्घकालीन असर न्यून गर्न सचेत हुनुपर्छ । ***रासस***

**। सम्पादकीय ।**

# दलको गलत विचार, निर्णय र नीतिको विरोध आवश्यक

नेपालको कम्युनिस्ट आन्दोलनमा मात्र होइन कुनै पनि दलको गलत विचार, निर्णय र नीतिको विरोध गर्नुपर्छ । गलत विचारको विरोध गर्नुको अर्थ नेपालको कम्युनिस्ट आन्दोलनलाई सही मार्गमा लैजान हो; कुनै दलले देशघाती र जनघाती काम नगराउन हो । नेकपा माओवादीले 'जन सरकार' गठनको लागि भनेर दसवर्षे 'जनयुद्ध' छेड्यो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति तयार नहुँदै माओवादीले थालेको त्यो युद्धको नेपाल मजदुर किसान पार्टीले विरोध गरेको थियो । क्रान्तिको परिस्थिति तयार नहुँदै गरिएको क्रान्ति सफल हुनेछैन । लेनिनले भनेका थिए, "देशको परिस्थिति तयार हुँदैमा अन्तर्राष्ट्रिय परिस्थिति तयार छैन भने क्रान्ति सफल हुँदैन ।" माओवादीले राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति तयार नहुँदै 'जनयुद्ध' गर्‍यो र अन्ततः त्यो असफल भयो; माओवादीले सरकारसामु आत्मसमर्पण गर्‍यो र क्रान्तिकारी बाटो नै छोड्यो ।


विगतमा नेकाको नेतृत्वमा बनेको सरकारले कमैयामुक्तको नाउँमा घर र जग्गाबाट वञ्चित गर्ने काम गर्‍यो । पुस्तौँदेखि जोत्दै आएको जग्गामा मोही कायम नहुँदै नेकाकै सरकारले द्वैधस्वामित्व अन्त्य गर्‍यो र कृषकहरूलाई भूमिहीन बनाउने काम गर्‍यो । यसको समर्थन एमालेले पनि गर्‍यो । तर, घुमन्ते जीवन बिताउन बाध्य पार्ने कमैयामुक्त र कृषकहरूलाई भूमिहीन बनाउने द्वैधस्वामित्वको नेमकिपाले विरोध गर्‍यो । यसको कारण कमैयाहरूको जीवन कष्टकर बन्यो । यसले नेका कृषक र कमैयाहरूको पक्षमा छैन भन्ने देखाउँछ । आफूलाई कम्युनिस्ट भनिने एमालेले पनि किसानविरोधी निर्णय पारित गर्‍यो र आफू किसानविरोधी देखायो ।

एक मधेस एक प्रदेश बनाउने मधेसकेन्द्रित दलहरूको विचारको नेमकिपाले विरोध गर्‍यो । जनजाति र भाषाभाषीको आधारमा प्रदेश विभाजन गर्ने विचारको पनि नेमकिपाले विरोध गर्‍यो । एक मधेस एक प्रदेशको नारा सङ्कीर्ण विचारबाट ग्रसित छ । जनजाति र भाषाभाषीको नाउँमा प्रदेशको नामकरण गर्दा जनजातिबिच जहिल्यै झगडा भइरहनेछ र त्यो झगडा हिंसामा बदल्ने धेरै सम्भावना हुन्छ । राजनीतिक र सांस्कृतिक चेतना नभएको जनता भएको देशमा साम्प्रदायिक दङ्गा हुने धेरै सम्भावना हुन्छ । जनजातिको नाउँमा प्रदेश नामकरण नहुँदा त बेलाबखत कहिले भाषाभाषी त कहिले जनजातिको नाउँमा झगडा भइरहेको हामीले देखिरहेका छौँ । संविधानसभाको निर्वाचनताका देशको नाउ नै फेर्ने कुरा आएको थियो । परिवर्तनको नाउँमा देशको नाउँ नै फेर्ने कुराको पनि नेमकिपाले विरोध गरेको थियो ।

भारतले एकतर्फीरूपमा नेपाल-भारत सीमामा पटकपटक बाँध तथा तटबन्ध बनायो । यसले नेपाली भूमि डुवान पर्‍यो र उत्पादनमा ह्रास आयो । अन्तर्राष्ट्रिय मूल्य र मान्यताविपरीत बाँध तथा तटबन्ध बनाउन नहुने नेमकिपाको आवाज हो । सीमा अतिक्रमण गर्ने, सीमा स्तम्भ सार्ने कामको पनि नेमकिपाले विरोध गर्‍यो । अनियमित तरिकाले बनाएको बाँध तथा तटबन्ध भत्काउनुपर्ने हो, तर त्यसको पहल न नेकाको सरकारले गर्‍यो न त कम्युनिस्ट भनिने दलको सरकारले नै गर्‍यो । नेमकिपाले उठाएका यी सवाल र आवाज देश र जनताको पक्षमा छ । एमसीसी सम्झौता र नागरिकता विधेयकको पनि नेमकिपाले निरन्तर विरोध गरिरह्यो । एमसीसी सम्झौता र नागरिकता विधेयक नेका र मधेसकेन्द्रित दलले मात्र होइन, 'बहुदलीय जनवाद' को बाटो लिने एमाले र आफूलाई क्रान्तिकारी पार्टी ठान्ने माओवादीले पनि नेकाको पछि लागेर पारित गरे ।

नेमकिपाले सन्तुलितको विकासको कुरा उठायो । देशमै रासायनिक मल कारखाना खोल्नुपर्ने, निजीकरण वा बन्द भएका भनिएका उद्योगहरू राज्यले नै सञ्चालन गर्नुपर्ने, विदेशमा सम्पत्ति राख्न नपाउने, देशमा उद्योगधन्दा खोल्ने कामको माग पनि नेमकिपाको हो । विदेशी दलाल पुँजीपतिलाई होइन, राष्ट्रिय पुँजीपतिवर्गलाई उद्योगधन्दा खोल्न दिनुपर्ने आवाज पनि उठेकै हो । यसको सुनुवाइ भएन । दलगत र व्यक्तिगत स्वार्थमा नभुल्ने, भागबन्डामा नलाग्ने नेमकिपा देश र जनताप्रति समर्पित छ; देश र जनताको सेवा नै पार्टीको लक्ष्य हो भन्ने उद्घोषका साथ लागिरहेको हो । नेमकिपा देशभक्त पार्टी हो; नेमकिपा अन्तर्राष्ट्रवादी पार्टी हो । यसकारण, कति राजनीतिक विश्लेषकहरू देशमा नेमकिपाजस्तो दल आवश्यक भएको टिप्पणी गर्छन् ।

# सी चिनफिङको भ्रमण !



**भैरव रिसाल**

*स्वतन्त्रता र सार्वभौमिकता जोगाउन सजिलो हुँदैन । यो कुरा साना-ठुला सबै राष्ट्रले भोगेका छन् । चीन हङ्गेरीको तुलनामा जनसङ्ख्या र भूगोलको दृष्टिबाट पनि विशाल छ । यी दुवैको तुलना नै हुनसक्दैन । ठुला मुलुकका ठुलै समस्या हुन्छन् । साना मुलुकका पनि साना समस्या हुन्छन् तर ती साना समस्या पनि ठुलै हुन्छन् । यसर्थ, यी साना ठुला भन्ने समस्या आफ्ना मुलुकको परिस्थितिको आधारमा टुङ्गिनुपर्छ । छिमेकीले घोडा चढ्यो भनेर आफूले धुरी चढ्नुहुँदैन । मुलुकको समग्र विकास सजिलो विषय होइन ।*

कम्युनिस्ट बन्न सजिलो छैन । त्यसो भनेर कम्युनिस्ट हुनैसकिँदैन भनेको होइन । कम्युनिस्ट भनेको नामले हुँदैन, कामले हुन्छ । कम्युनिस्ट हुन कठिन र हुनै नसकिने होइन । अनुशासनमा बस्नु र कार्यकर्ताहरूलाई पनि पूर्ण अनुशासनमा राख्ने काम नेतृत्वले गर्नुपर्छ । नेतृत्व नै अनुशासित र सक्रिय भएन भने कार्यकर्ता अनुशासित र सक्रिय हुनसक्दैनन् । नेतृत्व भनेको नेतृत्व नै हो । नेतृत्व गर्न चाहनेले यो कुरा गम्भीर रूपमा आत्मसात गर्न सक्नुपर्छ । चीनका राष्ट्रपति सी चिनफिङ युरोप यात्रामा हुनुहुन्छ । सी राष्ट्रपतिमा निर्वाचित हुनासाथ दक्षिण अमेरिकास्थित क्यारेबियन टापुका केही राष्ट्रको भ्रमण गर्नुभएको थियो । संसारका ठुला मान्छे क्यारेबियन राष्ट्रहरूका टापुहरूमा भ्रमण गरेर के कूटनीतिक र राजनीतिक लाभ भयो, त्यो बाहिर आएन ।

अहिले उहाँ युरोपका तीन राष्ट्रहरूको राजनीतिक भ्रमणमा हुनुहुन्छ । यो भ्रमणको उद्देश्य र गन्तव्य के हो ? त्यसको व्याख्या र विश्लेषण संसारका अरू मुलुकले आ-आफ्नै किसिमले बुझेका छन् । चीन संसारको अति ठुलो र जनसङ्ख्या पनि दोस्रो ठुलो भएको राष्ट्र हो । यस राष्ट्रका करोडौँ मान्छेलाई के खाएर चुठ्ने गराउने हो, त्यो सजिलो थिएन । तर, राष्ट्रपति सी चिनफिङ अत्यन्त ठुलो परिश्रम गरी बुद्धि घोटेर केही समयअघिदेखि एक पेट खान पाउने बन्दोबस्त गर्न सफल हुनुभयो । यो सानो कुरा थिएन । चिसो ठाउँमा उत्पादन गर्न त्यति सजिलो कुरा होइन । मध्यरेखाको उत्तर, धेरै उत्तरका मुलुकहरूमा उत्पादन गर्न सहज छैन । चिनियाँ कम्युनिस्ट पार्टीले के जादु गर्‍यो, अब त्यो क्षेत्रका मानिसहरू पनि खान पाउने भए ।

**चीनप्रतिको हेराइ फरक छ**

अहिले संसारमा चीनप्रतिको हेराइ आ-आफ्नै किसिमको छ । सी चिनफिङको युरोप भ्रमणलाई चिनियाँ विदेशमन्त्रीले विस्तृत जानकारी दिएका छन् । ग्रीष्म ऋतुको समयमा राष्ट्राध्यक्ष सीको प्रथम भ्रमण हो । पाँच दिन र पाँच रातमा चीन देशको औपचारिक भ्रमण गर्नुभयो । त्यसबेलाको भेटघाटमा संसारका समस्याका बारेमा र ती देशले व्यहोराका अवस्थाको बारेमा पनि राजनीतिक र आर्थिक स्थितिमासग पनि व्यापक विमर्श भयो । व्यापक रणनीतिक वार्ता पनि भयो । सबै ती तीन देशले सो भ्रमणमाथि उच्च प्राथमिकता दिँदै दौत्य सम्बन्ध स्थापना भएको प्रारम्भिक कालमा र अहिले कस्तो सम्बन्ध छ, त्यसको बारेमा पनि गम्भीर र व्यापक छलफल भयो । यस्ता छलफल निश्चय नै लाभदायी हुन्छन् ।

राष्ट्राध्यक्ष सीले युरोपका नेता दलसँग युक्रेन सङ्कट, प्यालेस्टिन र अन्तर्राष्ट्रिय उष्णताबारे समीक्षा गरेर गहिरो रूपमा वैचारिक आदानप्रदान गरे । त्यसका साथै प्रथम महिला कूटनीति पनि यो भ्रमणमा मुख्य आकर्षण बनेको रहेछ । त्यस्तै, चीनका राष्ट्रपति सीले हङ्गेरीको भ्रमण गर्दा दुई मुलुकका नेताहरूले संयुक्त विज्ञप्ति प्रकाशित गरी चौतर्फी साझेदारी सम्बन्धमा नवयुगको चौतर्फी रणनीति साझेदारी सम्बन्धको युगलाई माथि उकास्ने बारेमा पनि घोषणा भयो । यी घोषणा घोषणामा मात्र सीमित भए भने यो भ्रमणको औचित्यको पुष्टि हुनसक्दैन । खाली एक क्षण सुन्नलाई कानको प्यारो हुन्छ । चीनको बेल्ट एन्ड रोडको सहयोगात्मक दस्तावेजमा गरेको हस्ताक्षर युरोपेली मुलुकको पहिलोपल्ट हो ।

**समस्या भनेको समस्या हो !**

चीन युरोप बाहिर हङ्गेरीको सबैभन्दा ठुलो व्यापार साझेदार हो । चीन ठुलो राष्ट्र छ । उसको दायित्व पनि अन्तर्राष्ट्रिय क्षेत्रमा सानो छैन । चीन हङ्गेरीको सबैभन्दा व्यवहारिक साझेदार पनि हो । हङ्गेरी पनि रूस, चीन, भारत, अमेरिकाभन्दा निकै सानो छ । साना देशका साना समस्या पनि ठुला देशका ठुला समस्या जस्तै हुन्छ । यो नेपाल सानो भएर बुझ्न सकेको हो । सबै देश यस्ता जटिल कुरा बुझ्न सक्दैनन् र खोज्दैनन् । सोभियत सङ्घ हुँदा हङ्गेरीको आफ्नै महत्त्व थियो तर सोभियत सङ्घको अनुशासन र नीतिअनुसार चल्नुपर्थ्यो । त्यस्तो बेला निकै अप्ठ्यारो हुन्थ्यो होला । अहिले सोभियत सङ्घ छैन । हङ्गेरी स्वतन्त्र छ । स्वतन्त्रता र सार्वभौमिकता जोगाउन सजिलो हुँदैन । यो कुरा साना-ठुला सबै राष्ट्रले भोगेका छन् । चीन हङ्गेरीको तुलनामा जनसङ्ख्या र भूगोलको दृष्टिबाट पनि विशाल छ । यी दुवैको तुलना नै हुनसक्दैन । ठुला मुलुकका ठुलै समस्या हुन्छन् । साना मुलुकका पनि साना समस्या हुन्छन् तर ती साना समस्या पनि ठुलै हुन्छन् । यसर्थ, यी साना ठुला भन्ने समस्या आफ्ना मुलुकको परिस्थितिको आधारमा टुङ्गिनुपर्छ । छिमेकीले घोडा चढ्यो भनेर आफूले धुरी चढ्नुहुँदैन । मुलुकको समग्र विकास सजिलो विषय होइन । यसो भनेर पलायन गर्न खोजेको होइन । समस्या सानो भए पनि समाधान गर्नुपर्छ । आ-आफ्नो देशको समस्या आ-आफूले समाधान गर्ने हो । समस्या सानो, भए पनि ठुलो भए पनि समस्या नै हो । ठुलो भनेर आँत्तिने र भाग्ने होइन, समस्याको समाधान गर्नैपर्छ ।

# चुनाव पनि जनतामा चेतना जगाउने वैचारिक लडाइँ

✍ **राजन**

इलाम र बझाङमा हालै सम्पन्न भएको उप-चुनावमा नेपाल मजदुर किसान पार्टीले पाएको मतलाई लिएर केही खिसिटिउरी गर्ने साथीहरू देखिए । जित्ने भएमात्र चुनावमा उम्मेदवार हुनुपर्ने मनसाय भएका साथीहरूले लोकतन्त्रमा प्रतिपक्षको भूमिका के हुनुपर्छ भन्ने नबुझेको हुनुपर्छ । "चुनाव भनेको जनतामा चेतना जगाउनु हो; जित्नु नै मुख्य लक्ष्य होइन" भन्ने भनाइलाई नेमकिपाले आत्मसात गर्दै आएको छ । चुनावको प्राथमिक उद्देश्य भनेको जितमा केन्द्रित हुनुको सट्टा महत्त्वपूर्ण मुद्दाहरूको बारेमा जनतालाई जानकारी गराउनु र वैचारिक बहसमा संलग्न गराउनु हो । चुनावमा जित्नु राम्रो हो, तर जित्नुमात्र महत्त्वपूर्ण कुरा होइन । निर्वाचनले जनतालाई विभिन्न राजनीतिक दल, तिनीहरूका विचार र तिनीहरूको समुदायले सामना गर्ने समस्याहरूबारे जान्ने अवसर प्रदान गर्दछ । उम्मेदवारले जित्न नसके पनि, तिनीहरूको सहभागिताले जनचेतना र छलफलमा योगदान पुर्‍याउन सक्छ । अन्ततः लोकतान्त्रिक प्रक्रियालाई समृद्ध बनाउँछ । जित्ने सम्भावना भएमात्र चुनावमा उम्मेदवारी दिने हो भने भक्तपुर नगरपालिकामा नेमकिपाले बाहेक अरु दलले भाग नलिए भयो नि ! तर लोकतान्त्रिक मूल्य मान्यताअनुसार सबै दलले निर्धक्क चुनावमा भाग लिए, आफ्नो विचार जनतामा प्रवाह गरे । अनि चुनावमा हार्ने सुनिश्चित भएर पनि अरु दलले भाग लिएकोमा नेमकिपाले कहिल्यै खिसिटिउरी गरेन ।

प्रतिपक्षमा बसेका राजनीतिक दलहरूले लोकतन्त्रलाई बलियो बनाउन धेरै महत्त्वपूर्ण भूमिका खेल्छ । सत्तारूढ दलले के गरिरहेको छ भन्ने कुरामा प्रतिपक्ष सधैँ चनाखो हुनुपर्छ । तर, विडम्बना ! शुभलाभको राजनीतिले गर्दा हाम्रो देशमा 'सत्तापक्ष को हो वा प्रतिपक्ष को हो ?' भनेर छुट्याउन जनतालाई गाह्रो भएको छ । आज प्रतिपक्ष दलमा रहेको पार्टी भागबन्डामा मन्त्री खानैको लागि भोलि सत्तापक्ष भइदिन्छ । यस्तो अवस्थामा मतको आधारमा सानै दल भए पनि केही हदसम्म नेपाल मजदुर किसान पार्टीले प्रखर प्रतिपक्ष दलको रूपमा भूमिका निभाइरहेको छ । वैचारिक बहस सुनिश्चित गर्न प्रतिपक्ष दलको रूपमा नेमकिपाको भूमिका महत्त्वपूर्ण छ । नेमकिपा उम्मेदवारहरूले गर्दा हुने स्वस्थ बहसले आम जनता सुसूचित हुने मौका मिलेको छ । सरकारले संसद्मा पेस गर्ने हरेक नीति र कार्यहरूलाई त्यसको उपादेयताको आधारमा नेमकिपाले चुनौती दिने हुँदा सरकारलाई जवाफदेही हुन बाध्य पारेका धेरै घटनाहरू छन् ।




दलका नेताहरू तलब खानमात्र सांसद बने तर संसद्मा हाजिर हुँदैनन् र

***बाँकी पृष्ठ ५ मा***


# बेलायतको मेसिनविरोधी 'लुडाइट' आन्दोलन

का. रोहित

बेलायतमा पुँजीवादको विकासले देशको सारा सम्पत्ति कारखानाको मालिक, व्यापारी, साहु, महाजन र वैकपतिहरूको हातमा थुप्रिँदै गयो। जनतामा गरिबी र भोकमरी फैलिँदै गयो। कारखानाहरूमा नयाँ-नयाँ मेसिनहरू जडान हुँदै थियो। ५०- ६० जना जुलाहा र कालिगडले गर्ने काम एउटै मेसिनले भ्याउँथे। थोरै मजदुरहरूवाट पनि छिट-छिटो र धेरै-धेरै सामान तयार हुन थाल्यो, त्यसले गर्दा जुलाहा, कालिगड र मजदुरहरूको खाँचो घट्न थाल्यो। तिनीहरूको ज्याला घट्दै गयो। पुराना मजदुरहरूको कामसमेत मेसिनले नै गर्ने भएकोले तिनीहरूले पनि काम पाउन छोडे र तिनीहरू कारखानाहरूबाट निकालिन थाले। काम नपाउने मजदुरहरूको सङ्ख्या बढ्दै गयो र मानिसहरू भोक भोकै मर्न थाले। काम गर्न चाहने ज्यामीहरूको छेलोखेलो थियो, काम थिएन र ज्यालाको दर घट्न थाल्यो अथवा कारखानाका मालिकहरूले ज्याला घटाउन थाले।

यस्तो गाहो बेलामा मजदुर र ज्यामीहरू आपसमा सरसल्लाह गर्न र आ-आफ्ना सङ्गठनहरू बनाउन थाले। काम-माम पाउनको निम्ति तिनीहरूले हड्ताल, जुलुस र धर्ना दिन थाले। बेलायतको सरकारले मजदुर-ज्यामीहरूको सङ्गठन बनाउन नपाउने ऐन बनायो, सरकारको त्यस ऐनले मजदुर जनता झन् रिसाए। अब तिनीहरूले भित्रभित्र लुकीचोरी गुप्त सङ्गठनहरू बनाउन थाले। ती सङ्गठनहरूमध्ये एउटा सङ्गठनको नाम 'मजदुर साथीहरूको सभा' थियो। त्यस सँगसँगै 'लुडाइटहरूको सङ्घ' भन्ने एक अर्को गुप्त मजदुर सङ्गठन पनि काम गर्दै थियो।

'लुडाइट' कुनै एक लडाकु मानिस वा सङ्गठनको नेताको नामबाट सुरु भएका थियो। नेड लङ नाम गरेको एक युवक कालिगड त्यस सङ्गठनका नेता थिए। उनकै नामबाट त्यस सङ्गठनकै नाम 'लुडाइटहरूको सङ्घ' राखियो। त्यसको अर्थ हो- 'लडाकुहरूको सङ्घ'। मजदुरहरूको ज्याला घट्नु र काम नपाउनुको कारण नै नयाँ-नयाँ मेसिनहरू हुन् भन्ने कुरो त्यस सङ्गठनले ठम्यायो। हातले बुनेको भन्दा मेसिनले तयार गरेकोमा सामान राम्रो र असल हुन्न भन्ने धारणा पनि त्यसबेलाका मानिसहरूमा थियो। त्यसकारण, मजदुरहरूमात्रै होइन साधारण जनता पनि मेसिनलाई मनपराउँदैनथे।





बेलायतको दक्षिण-पश्चिम भागमा ऊनी कपडा र अरु कपडाका धेरै कारखानाहरू थिए। सन् १८०२ देखि १८०९ सम्ममा ती कारखानाहरूमा 'जिगमिल' भन्ने नयाँ मेसिन जडान गर्ने काम टुङ्गियो। ती मेसिनहरूले गर्दा त्यहाँका धेरै मजदुरहरू बेकामका भए। यसकारण, त्यस इलाकामा 'लुडाइट मजदुर सङ्घ' चालु हुन थाल्यो। मेसिनलाई जडान गर्न नदिन र त्यसलाई चालु गर्न नदिन मजदुरहरूले हड्ताल, जुलुस, धर्ना, घेराउ र विरोधका विभिन्न उपायहरू गरे। मेसिनलाई चलाउनै नदिने अनेकौँ सङ्घर्षहरू गरिए। तर, सरकारको पुलिस र पल्टनहरूले तिनीहरूको बाधा र विरोधलाई असफल बनाइ दिन्थे। स्थानीय पत्रपत्रिका र लोकमत मजदुरहरूको समर्थनमा थियो। लोकमतले लुडाइटहरूको मनोवललाई उठाइ दिन्थ्यो। लुडाइट मजदुर सङ्घले मेसिनलाई नै आफ्नो मुख्य शत्रु सम्झ्यो र मेसिनलाई ध्वस्त पारेपछि कारखाना फेरि मजदुरहरूबाटै चल्ने छ भन्ने कुरा ठम्याएको थियो। यसकारण, लुडाइटहरूले राती-राती भेष बदलेर वा मुकुन्डो लगाएर कारखानाका मेसिनहरू फोर्ने कामहरू सुरु गरे। सरकारले मिल मालिकको मद्दत गर्न पुलिस र पल्टन पठाउँथ्यो, मजदुरहरूमाथि दबाउने काम सुरु गर्दथ्यो। कारखानाका मालिकहरूले मेसिनलाई मर्मत गराउँथे, पार्टपुर्जा फेर्थे वा नयाँ मेसिन जडान गरेर कारखानालाई फेरि चालु गर्थे।

बेलायतको बीच भागमा नोटिङ्घम भन्ने एउटा सहर छ। त्यहाँ धेरै कपडा कारखानाहरू थिए। १८११ को नोभेम्बरको महिना थियो। लुडाइटहरूले सबभन्दा पहिले त्यहीबाट मेसिन फोर्ने आन्दोलन सुरु गरेका थिए। तिनीहरूले नयाँ-नयाँ मेसिनहरू टुक्रा-टुक्रा गरेर फोरिदिन्थे, जगेडा सामानहरूमा आगो लगाइदिन्थे र कारखानाको कामधन्दालाई छताछुल्ल पारिदिन्थे। थुप्रै कारखानाहरू आगोले खरानी भए। त्यो आन्दोलन नोटिङघम र त्यसको छिमेकका जिल्लाहरूमा फैलिदै योर्कशायर, लङ्काशायर, डर्विशायर र लिसेस्टशायर जस्ता मुख्य मुख्य सहरसम्म फैलियो। जाडो महिनामा सुरु भएको त्यो आन्दोलन बसन्तसम्म चालु रह्यो, मध्य बेलायतदेखि उत्तरी बेलायतसम्म फैलियो।

लङ्काशायर कपडा कारखानाको एक केन्द्र थियो। त्यहाँ बेस्टहोटन भन्ने एक ठाउँ छ। बेस्टहोटनको कारखानामा भापले चल्ने मेसिन जडान गर्यो। १८१२ अप्रैलको महिनामा कपडा बुन्ने जुलाहा मजदुरहरूले त्यस भापको मेसिनमा आगो लगाइदिए।

हर्सफल नामको एक कारखाना मालिक थियो। ऊ सार्‍है चुसाहा, निर्दयी र मजदुरविरोधी थियो। ऊ एक नम्बरको जाली र स्वार्थी थियो। उसले पुलिस बोलाएर मजदुरहरूलाई दबाउन दियो। उ बरोबर यस्तै गर्दथ्यो। त्यसकारण, मजदुरहरू उदेखि सार्‍है रिसाएका थिए। मजदुरहरूले मेरो ज्यान लिने धम्की दियो भनेर उसले सरकारलाई उजुर गर्यो। उसकै उजुरअनुसार सरकारले त्यहाँ पुलिस र पल्टन पठायो। पल्टनका सिपाहीहरूले मजदुरहरूमाथि गोली हाने। गोली काण्डले मजदुरहरू त्यस वर्गशत्रु, कारखानाका मालिकसँग झन् रिसाए। तिनीहरूले बदला लिने निधो गरे। एक दिन मजदुरहरूले आफ्नो बाचा पूरा गरे, हर्सफलको ज्यान गयो। त्यसपछि कारखानाका मालिक पुँजीपतिवर्ग सार्‍है तर्से र बहुला कुकुरझैँ रिसाउन थाल्यो। लुडाइटहरूको 'हत्या' र 'आतङ्क' को होहल्ला देशभरि फैलियो। पुँजीपतिवर्ग एक भए र लुडाइट आन्दोलनलाई दबाउन जुक्ति गर्न थाल्यो। मेसिन फोर्ने र पुँजीपति या मिल मालिकहरूमाथि हात हाल्नेहरूलाई ठुलो सजाय गर्ने ऐन बनाउन छलफल सुरु गरे।



बेलायतको सरकार त बेलायती पुँजीपतिवर्गको सञ्चालक समिति मात्रै थियो। प्रतिनिधिसभा वा संसद्ले पुँजीपतिवर्गकै सेवा गर्दथ्यो। त्यसको अत्यन्त ठुलो बहुमत पुँजीपतिवर्गकै सेवक हुन्थे। मेसिन फोर्ने र पुँजीपतिवर्गको ज्यान ताक्नेहरूलाई ठुल-ठुलो सजाय गर्ने ऐनको खेस्रा संसद्मा पुग्यो। त्यसले देशभरि नै ठुलो होहल्ला मच्यो। संसद्भित्र र बाहिर त्यस ऐनको विरोधमा आवाज उठ्यो। तर पुँजीपतिवर्गको हुकुममा मजदुरवर्गको पक्षमा ऐन बन्ने कुरै थिएन। संसद्ले मजदुर विरोधी ऐन बनायो।

नयाँ ऐनअनुसार योर्कशायरमा कारखानाको मेसिन फोर्ने मजदुरहरूमध्ये १४ जवानलाई फाँसीको सजाय दिइयो। वेस्टहोटनको भापको मेसिनमा आगो लगाउने लङ्काशायरका जुलाहा मजदुरहरूमध्ये ४ जवानलाई फाँसीको सजाय दिइयो। अरु १७ जवान मजदुरहरूलाई ७ वर्षको कैद सजाय दियो। सजाय पाउनेहरूमध्ये लुडाइट सङ्घका नेता पनि थिए। त्यसले गर्दा त्यो आन्दोलन केही समयको निम्ति सेलायो।

परिस्थिति फेरिएन भने आन्दोलन दबाएर दबिन्न। १८१६ मा बेलायतको बालीनाली कहिल्यै नभएको जस्तो खराब भयो। गहुँको भाउ दोब्बर बढ्यो, आलु खेतीमा किरा पर्यो र जनताको आर्थिक अवस्था झन्झन् खराब हुँदै गयो। गरिबी र भोकमरी बढ्दै गयो। साहु-महाजन, व्यापारी र पुँजीपतिहरूको गोदामहरू मालसामानले भरिभराउ थिए। तर, मालसामान किन्न जनतासँग पैसा थिएन। सामान नबिक्नाले कारखानाहरूले नयाँ सामान बनाउन कम गर्दै गर वा सामान बनाउनै छोडे। सामान कम बनाउँदा मजदुरहरूले कम ज्याला पाए वा मजदुरहरू बेकार भए। सामान बनाउन छोड्दा कारखाना बन्द भयो र सारा मजदुरहरू बेकार भए। बेकारी अवस्थाले जनताको जीवन झन्झन् खराब हुँदै गयो। भोका-नाङ्गा मजदुरहरू झन्झन् रिसाउन थाले। 'भोकोले के गर्दैन' भन्ने उखान जस्तै भोकै मर्नुभन्दा तिनीहरूले पुँजीपतिवर्गसँग लडेर मर्नु राम्रो ठाने। लुडाइटहरूको केन्द्र नोटिङघममा फेरि जीवन छायो। मजदुरहरूले आफ्नो आन्दोलन फेरि चालु गर्न थाले।

सन् १८११-१२ को आन्दोलन र दमनबाट लुडाइटहरूले आन्दोलन र सङ्गठनबारे अनेक अनुभव पाइसकेका थिए। यसकारण, सन् १८१३ देखि १८१५ सम्ममा तिनीहरूले आफ्नो सङ्गठन देभभरि फैलाइ दिए। पुरानो सफलता र असफलताबाट अनेक शिक्षा लिए, सहिदहरूको बलिदानबाट लड्ने साहस र बल प्राप्त गरे। देशभरका मजदुरहरूको अवस्था खराब त छँदै थियो, असन्तोष आन्दोलनको रूपमा सल्किँदै गयो।

बिस्तारै बेलायतको अधिराज्यभर मेसिनहरू टुक्रा टुक्रा हुन थाले, कारखानाहरू ह्वारह्वार्ती बल्न थाले, पुँजीपतिवर्गको मिठो निद्रा खलबलियो र आन्दोलन दबाउन पुँजीपतिहरू हस्याङ फस्याङ गर्दै सरसल्लाह गर्न थाले। भएभरको बल लगाएर पुँजीपतिवर्गले आन्दोलन दबाउने निधो गरे।

निधोअनुसार पुँजीपतिवर्गको सरकारले पुलिस, पल्टन, गुप्तचर, घोडचढी सेना, जाली-फटाहा, गुण्डा र सबै खराब तत्त्वहरू लुडाइटहरूको विरोधमा प्रयोग गर्यो। आन्दोलनकारीहरूले पनि आफ्नो भ्याएसम्मको बल र बुद्धि लगाएर सङ्घर्षलाई अगाडि बढाउँदै लगे। तर, त्यसबेला बेलायतमा एक प्रकारको गृहयुद्ध भएजस्तै थियो। आन्दोलनका सबै इलाकाहरूमा सैनिक चौकी र गस्तीहरू लगाएर दबाउने कामहरू भइरहेको थियो। आखिर बेलायतको पुँजीपतिवर्गको सरकारले अन्याय-अत्याचार गर्ने र थिच्ने सबै किसिमका निर्दयी उपायहरू प्रयोग गरी आन्दोलनलाई दबायो।

**आन्दोलनको असफलताको कारण र शिक्षा**

त्यसबेला बेलायतका मजदुरवर्गमा मजदुर आन्दोलनको राम्रो अनुभव थिएन। मजदुर सङ्गठनहरू पनि एक थिएनन् र धेरै स-साना सङ्गठनहरूमा विभाजित थिए। मजदुरवर्गको कुनै क्रान्तिकारी राजनैतिक पार्टी थिएन। राजनैतिक पार्टी नभएको हुनाले मजदुरवर्गको मुख्य शत्रु मेसिन होइन, पुँजीवादी व्यवस्था हो, त्यसलाई आड-भरोसा दिने पुँजीवादी राज्यसत्तालाई पहिले उल्टाउनुपर्छ वा त्यसलाई चकनाचुर पार्नुपर्छ र त्यसमाथि कब्जा गर्नुपर्छ भन्ने चेतना दिने र आन्दोलनलाई राजनैतिक रूप दिने कुनै नेतृत्व नै थिएन। अथवा राजनैतिक सुझबुझ भएको सङ्गठित र बलियो एक मजदुर पार्टी थिएन। मेसिन फोर्दा दबाउन आउने दमनकारी व्यक्तिसँग लड्ने र आफ्नो आन्दोलनलाई राजनैतिक रूप दिने कुनै योजना थिएन। त्यसकारण, पुँजीपतिवर्ग त्यस आन्दोलनलाई दबाउन सफल भयो।

तर, त्यस आन्दोलन र असफलताबाट मजदुरवर्गमा पुँजीपतिवर्गप्रति वर्गीय घृणा बढ्यो। पुँजीवादी सरकार साँचोमा पुँजीपतिवर्गको पाले, आठ-पहरिया, गुण्डा र लठैत हो भन्ने बुझ्यो। पुँजीवादी सरकार मजदुरवर्गको शत्रु रहेछ भन्ने बुझ्यो। मजदुरवर्गको गुप्त सङ्गठनको परम्परा अगाडि बढ्यो। पुँजीपतिवर्ग र मजदुरवर्ग एक आपसमा मिल्न नसक्ने वर्ग हुन् र मजदुर आन्दोलन पुँजीपतिवर्गको निम्ति एक गृहयुद्ध समान हुने रहेछ भन्ने बुझे। सबै मजदुरहरू एक भएमा, पुँजीपतिवर्गसँग ज्यान फालेर लड्ने आँट गरेमा लड्न सकिने छ भन्ने देखाइदियो। यो नै बेलायतका मजदुरवर्गको मेसिन फोर्ने लुडाइट आन्दोलनको शिक्षा हो।

***- विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू***

***चुनाव...***

आकलझुकल उपस्थित भए पनि निदाएर बस्ने गरेको अवस्थामा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवाल संसद्को बैठकमा उपस्थित भएर सरकारको हरेक जनविरोधी कार्यमाथि खबरदारी गर्दा सरकारले आफ्नो शक्तिको दुरूपयोग गर्न दुईपटक सोच्न बाध्य छ। कतिपय अवस्थामा नेमकिपाले सरकारलाई आफ्नो कामको लागि जवाफदेही बनाउन बाध्य पारेको छ। कथित प्रतिपक्षको उपाधि पाएको ठुला दलले गर्न नसकेको काम नेपाल मजदुर किसान पार्टीले गरिरहेको छ। २०७९ सालको आम निर्वाचनपश्चात् बनेको माओवादी नेतृत्वको सरकारले पाएको प्रचण्ड विश्वासको मतपछि संसद्मा नेमकिपाले प्रमुख प्रतिपक्ष दलको रूपमा घोषणा गरियोस् भनेर गरेको माग नितान्त जायज हो। जनताले पनि नेमकिपालाई साथ दिए देशमा एउटा सशक्त र इमानदार प्रतिपक्ष दल बन्ने थियो। तर, विडम्बना ! यो वास्तविकता बुझ्न सक्ने चेतनाको स्तर नेपाली जनतामा नआउँदा अझै लोकतन्त्र बलियो बन्न सकेको छैन।

राजनीतिक प्रणालीमा प्रतिपक्ष कमजोर हुन्छ भने यसले धेरै नकारात्मक प्रभावहरू पार्छ। हाम्रो देशमा कमजोर प्रतिपक्षले गर्दा राजनीति बदनाम भएको छ। सरकारले प्रतिपक्षको चुनौतीको सामना गर्न नपर्दा जवाफदेहिताको कमीको साथसाथै भ्रष्टाचार र शक्तिको दुरूपयोग बढिरहेको छ। यसबाहेक वैचारिक बहस नहुनाले राष्ट्रिय नीतिमाथिको बहस सीमित भएको छ। प्रतिपक्षको अनुपस्थितिले गर्दा गहिरो बहसको कमीले विभिन्न सामाजिक हितहरूको वकालत नहुँदा सीमान्तकृत जनताको आवाजलाई बेवास्ता गरिएको छ।

प्रतिपक्ष कमजोर हुँदा समाजलाई पनि धेरै नकारात्मक प्रभाव पर्छ। प्रतिपक्ष दलको कमजोरीले समाजको लागि दूरगामी परिणामहरू ल्याएको छ। सरकारले चुनौतीको सामना गर्नु परिरहेको छैन। परिणामस्वरूप गलत निर्णयहरूलाई जायज ठहराउने वा सार्वजनिक सरोकारहरूलाई सम्बोधन गर्ने कर्तव्यबाट सरकार भागिरहेको छ। अनुगमनको कमीले भ्रष्टाचार र शक्तिको दुरूपयोगलाई नियन्त्रण गर्न नसकेर पारदर्शिता र विधिको शासनजस्ता लोकतान्त्रिक सिद्धान्तहरूको क्षय भएको छ। यसबाहेक अर्थपूर्ण बहस र वैकल्पिक परिप्रेक्ष्यको अभावको कारणले नीतिगत गतिरोध उत्पन्न हुँदा सामाजिक आवश्यकतालाई सम्बोधन गर्ने शासनको असक्षमता बढ्दै गएको छ र अन्ततः लोकतान्त्रिक मूल्यमान्यताको क्षय हुँदै गएको छ।

प्रतिपक्षलाई बलियो बनाउन जनताको पनि उत्तिकै सक्रिय भूमिका आवश्यक हुन्छ। मतदानमार्फत राजनीतिक प्रक्रियामा सक्रियरूपमा भाग लिने, सार्वजनिक सभाहरूमा भाग लिने, जनहितमा हुने प्रदर्शनमा सहभागी हुने र प्रतिपक्ष दललाई चन्दा दिनुजस्ता विभिन्न सहयोग गर्नुपर्छ। तर, बझाङमा ५० प्रतिशतभन्दा कम मतदान हुनु भनेको राजनीतिप्रति जनताको उदासिनता देखिन्छ। यसको दोष सरकारको अकर्मण्यतालाई जान्छ भने त्यसमा अनौपचारिकरूपमा प्रतिपक्षको मान्यता पाएको राजनीतिक दलको पनि उत्तिकै जिम्मेवारी छ।

राजनीतिक दलका उम्मेदवारहरूबिच हुने स्वस्थ बहसले जनता सूचित हुन्छन्। फरक राजनीतिक दलका उम्मेदवारहरूले एक अर्काको विचार, नीति र कार्यहरूलाई चुनौती दिन्छन्, जसले जवाफदेहितालाई प्रोत्साहित गर्नुको साथै कुनै एक समूह धेरै शक्तिशाली हुनबाट रोक्न पनि मद्दत गर्दछ। त्यसैले, आफ्नो बलबुत्ताले भ्याएसम्म जनतालाई सुसूचित गर्न उम्मेदवार उठाएकोमा नेमकिपालाई साधुवाद दिनैपर्छ। नेपाल मजदुर किसान पार्टीले महत्त्वपूर्ण भूमिका खेलिरहेको अहिलेको अवस्थामा हामी जनता आभारी हुनैपर्छ।



भारतको पश्चिम बङ्गाल राज्यको शाल्बनीमा आगामी लोकसभा निर्वाचनमा वाममोर्चाले उम्मेदवार बनाएका भाकपा (मार्क्सवादी) का उम्मेदवार सोनमणी टुडु र भाकपा उम्मेदवार विप्लव भट्टलाई झारग्राम र मेदिनीपुर सीटबाट विजयी गराउन आह्वान गर्दै भएको प्रचार र्‍याली मे १३, २०२४ का दिन ।
जुलुसमा भाकपा (मार्क्सवादी) का पोलिटब्युरो सदस्य वृन्दा करात, केन्द्रीय सदस्य रोबिन देव, सुशान्त घोष, पुलिन बिहारी बास्केलगायत वामपन्थी र काङ्ग्रेसका अन्य नेताहरूको उपस्थिति रहेको छ । *तस्बिर : भाकपा (मार्क्सवादी) पश्चिम बङ्गाल फेसबुक पेज*

# इन्डोनेसियामा बाढीबाट मर्नेको सङ्ख्या बढेर ४१ पुग्यो, १७ बेपत्ता

तानाह दातार (इन्डोनेसिया), १३ मे (एएफपी) । सप्ताहन्तमा पश्चिमी इन्डोनेसियाको ज्वालामुखीबाट आएको आकस्मिक बाढी र चिसो लाभा प्रवाहबाट प्रभावित भई मृत्यु हुनेको सङ्ख्या ४१ पुगेको छ । घटनामा परी थप १७ जना बेपत्ता भएको स्थानीय विपद् एजेन्सीका अधिकारीले सोमबार एएफपीलाई बताएका छन् ।

घन्टौँसम्म परेको भारी वर्षाका कारण शनिबार साँझ इन्डोनेसियाको सबैभन्दा सक्रिय ज्वालामुखीमध्येको एक सुमात्रा टापुको दुई जिल्लामा ठूलो ज्वालामुखी खस्दा चट्टान खस्दा सडक, घर र मस्जिदहरू जलमग्न भएका छन् ।

"गत रातिको आँकडाअनुसार हामीले ३७ शव रेकर्ड गरेका छौँ तर सोमबार बिहान यो सङ्ख्या बढेर ४१ पुगको छ," पश्चिम सुमात्रा विपद् न्यूनीकरण एजेन्सीका अधिकारी इल्हाम वहाबले एएफपीलाई भन्नुभयो । उहाँका अनुसार अझै पनि उद्धारकर्ताहरूले बेपत्ता १७ जनाको खोजी गरिरहेका छन् । यसमा अगम जिल्लामा तीन र तानाह दातारमा १४ जना छन् । दुवै जिल्ला बाढीबाट सबैभन्दा बढी प्रभावित क्षेत्र हुन् । यहाँ लाखौं मानिस बस्छन् ।

अधिकारीहरूले मानिसहरूलाई सुरक्षित स्थानमा जान प्रोत्साहित गरेका कारण इल्हामले खाली गरिएका स्थानीयहरूको सङ्ख्या भने पुष्टि गर्न सक्नुभएन । उहाँले पहिले, पीडितहरूको खोजी र उद्धार, गरी दोस्रो चरणमा विस्थापितहरूको सुरक्षा, कमजोर मानिसहरूको सुरक्षामा केन्द्रित रहेको बताउनुभयो । "हाम्रो ध्यान सबैभन्दा पहिला पीडितहरूको खोजी र उद्धारमा छ, दोस्रो निकालिका र कमजोर मानिसको सुरक्षामा छ," उहाँले भन्नुभयो ।

स्रोतका अनुसार जिल्लाका सडकहरू नदीमा परिणत भएका छन् भने मस्जिद तथा घरहरू क्षतिग्रस्त भएका छन् । भारी वर्षाले छेउछाउका इलाकाहरूलाई माटोसहितको बाढीको पानीले डुबाएको छ र नजिकैको नदीमा सवारी साधनहरू बगाएको छ । ज्वालामुखीको खरानी र ठूला चट्टानहरू माउन्ट मारापीबाट तल झरेका छन् ।

लहर पनि भनिने चिसो लाभा खरानी, बालुवा र कङ्कडसहितको ज्वालामुखीय सामग्री हो र यिनीहरू वर्षाले ज्वालामुखीको ढलानमुनि आउँछन् ।

अधिकारीहरूले बेपत्ता पीडितहरूको खोजी गर्न र मानिसहरूलाई आश्रयस्थलमा लैजान उद्धारकर्ता र रबर डुङ्गाहरूको टोली पठाएका छन् । स्थानीय सरकारले आगम र तानाह दातारका धेरै क्षेत्रमा निकासी केन्द्र र आपत्कालीन चौकीहरू स्थापना गरेको छ ।

राष्ट्रिय विपद् न्यूनीकरण एजेन्सी (बिएनपिबी) ले तानाह दातारमा ८४ वटा घर, १६ वटा पुल र दुई मस्जिदसहित २० हेक्टर धान खेतमा क्षति पुगेको जनाएको छ ।

इन्डोनेसियामा वर्षाको मौसममा पहिरो र बाढीको जोखिम हुन्छ । सन् २०२२ मा सुमात्रा टापुमा आएको बाढीमा करिब २४ हजार मानिसलाई बाहिर निकालिएको थियो भने दुई बालबालिकाको मृत्यु भएको थियो । वातावरणीय अभियानकर्ताहरूले प्रकोप निम्तिनुमा वन विनाशलाई दोष दिएका छन् ।

# रुसको आवासीय भवनमा आक्रमण हुँदा १५ जना मृत्यु

बेलगोरोड (रुस), १३ मे (एएनआई) । रुसको दक्षिणपश्चिमी सहर बेलगोरोडमा युक्रेनी आक्रमणबाट सोमबार दशतले आवासीय अपार्टमेन्ट भवन आंशिकरूपमा क्षतिग्रस्त हुँदा कम्तीमा १५ जनाको मृत्यु भएको रुसी समाचार एजेन्सी तासले रुसी आपत्कालीन मन्त्रालयको बयानलाई उद्धृत गर्दै बताएको छ । समाचारअनुसार आइतबार भएको 'युक्रेनी आक्रमण' पछि भवन ढलेको हो ।

यसअघि बेलगोरोड र यसका उपनगरहरूमा आइतबार युक्रेनी सशस्त्र बलले ठूलो गोलाबारी गरेको थियो । खसालिएको टोच्का-यू सामरिक मिसाइलका टुक्राहरूले आवासीय भवनलाई क्षति पुऱ्याउँदा भवनको एउटा भाग ढलेको स्रोतले जनाएको छ ।

यसैगरी रुसको दक्षिणपश्चिमी सहर बेलगोरोडमा आंशिकरूपमा ध्वस्त भएको आवासीय अपार्टमेन्ट भवनमा खोजी र उद्धार कार्य सम्पन्न भएको रुसी आपत्कालीन मन्त्रालयका प्रवक्ताले बताउनुभयो । उहाँका अनुसार १७ जनाको भग्नावशेषबाट उद्धार गरिएको थियो भने भग्नावशेषमुनिबाट १५ जनाको शव निकालिएको थियो ।

यसअघि आपत्कालीन मन्त्रालयले दुई बच्चासहित १२ जनालाई घटनास्थलबाट उद्धार गरिएको बताएको थियो । बेलगोरोडका गभर्नर व्याचेस्लाभ ग्ल्याडकोभले टेलिग्राममा पोस्ट गरेको भिडियोमा ठूलो प्वाल भएको भवन ढलेको देखाइएको छ ।

युक्रेनी सेनाले गरेको 'वृहत् बम विस्फोट' को निन्दा गर्दै उहाँले आवासीय भवनमा प्रत्यक्ष गोलाबारीपछि दशौँ तलादेखि भुइँतलासम्मको सम्पूर्ण प्रवेशद्वार ढलेको बताउनुभयो । रुसी रक्षा मन्त्रालयले सामाजिक सञ्जालमा भवनमा टोच्का-यू टीआरसी मिसाइलको टुक्रा खसेको बताएको थियो । बेलगोरोड क्षेत्रमा हवाई सुरक्षा सेवाले धेरै रकेट खसालिएको र दुईवटा ड्रोन छुट्टै घटनामा नष्ट भएको पनि अल जजिराले जनाएको छ ।

# भारतीय सर्वोच्च अदालतद्वारा केजरीवाललाई मुख्यमन्त्री पदबाट हटाउन माग गरेको अपिल खारेज

नयाँदिल्ली, १३ मे (एएनआई) । सर्वोच्च अदालतले सोमबार दिल्लीको उत्पादन शुल्क नीतिसँग सम्बन्धित मनी लाउन्ड्रिङ मामिलामा प्रवर्तन निर्देशालय (इडी) ले पक्राउ गरेको कारण अरविन्द केजरीवाललाई दिल्लीको मुख्यमन्त्रीको पदबाट हटाउन माग गरिएको अपिल खारेज गरेको छ ।

न्यायाधीशद्वय सञ्जीव खन्ना र दीपङ्कर दत्ताको संयुक्त इजलासले यस्ता मुद्दामा जान नसकिने र यो दिल्लीका लेफ्टिनेन्ट गभर्नरले हेर्ने विषय भएको बताएको छ । इजलासले भनेको छ, "यो सबैमा हामी कसरी जाने ? लेफ्टिनेन्ट गभर्नरलाई कारबाही गर्न दिनुहोस्, कुनै कानुनी अधिकार छैन ।"

गत हप्ता इजलासले जून १ मा दिल्लीमा हुने आगामी लोकसभा चुनावलाई ध्यानमा राख्दै केजरीवाललाई अन्तरिम जमानत प्रदान गरेको थियो । तथापि इजलासले केजरीवालले मुख्यमन्त्रीका रूपमा काम गर्न नसक्ने जनाउँदै कुनै पनि आधिकारिक फाइलमा हस्ताक्षर गर्न वा मुख्यमन्त्रीको कार्यालय प्रयोग गर्न नसक्ने बताएको थियो ।

यसअघि दिल्ली उच्च अदालतले इडीले पक्राउ गरेपछि अरविन्द केजरीवाललाई दिल्लीको मुख्यमन्त्री पदबाट हटाउन निर्देशन दिन माग गरेको अपिललाई खारेज गरेको थियो । अपिलकर्ताले अदालतलाई राजनीतिक घेरामा तान्ने प्रयास गरिरहेको दिल्ली उच्च अदालतले बताएको थियो ।

आम आदमी पार्टी (आप) का राष्ट्रिय संयोजक तथा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई सर्वोच्च अदालतले शुक्रबार दिल्लीको उत्पादन शुल्क नीतिसँग सम्बन्धित मनी लाउन्ड्रिङ मामिलामा जून १ सम्मका लागि अन्तरिम जमानत प्रदान गरेको छ ।

आम चुनावको समयतालिका घोषणा भएको केही दिनपछि मार्च २१ मा मुद्दाका सम्बन्धमा ईडीद्वारा पक्राउ परेपछि उहाँले कारागारमा ५० दिनभन्दा बढी बिताउनुभयो ।

जमानत जून १ सम्म लागू हुनेछ । केजरीवालले जून २ मा अधिकारीहरूसमक्ष आत्मसमर्पण गर्नुपर्नेछ । इजलासका अनुसार दिल्लीका मुख्यमन्त्रीले चुनावी अभियानमा भाग लिन सक्नुहुनेछ । तर, मुख्यमन्त्रीका रूपमा आफ्नो कार्यालयमा उपस्थित हुन सक्नुहुन्न ।

दिल्लीको सात संसदीय निर्वाचन क्षेत्रमा मे २५ मा एकै चरणमा लोकसभा निर्वाचन हुँदैछ । मतगणना जून ४ मा हुनेछ ।

## विश्व सङ्क्षेप

### भारतमा लोकसभाको चौथो चरणको मतदान

नयाँदिल्ली, १३ मे (एएनआई) । भारतको तल्लो सदन लोकसभाको चौथो चरणको मतदान सोमबार भएको छ । भारतीय निर्वाचन आयोगका अनुसार, बिहान ७ बजेदेखि सुरु भएको चुनावमा संसद्का ९६ स्थानका लागि सोमबार मतदान भएको हो ।

साथै आन्ध्र प्रदेश राज्यको १७५ सदस्यीय विधान सभा र ओडिसा राज्यको २८ सदस्यीय विधान सभाका लागि पनि सोमबारै मतदान भएको हो ।

लोकसभाको ९६ स्थानमध्ये आन्ध्र प्रदेशका २५, तेलाङ्गानाका १७, उत्तर प्रदेशका १३, महाराष्ट्रका ११, मध्यप्रदेशका आठ, पश्चिम बङ्गालका आठ, बिहारका पाँच, झारखण्ड र ओडिसाका चार चार तथा जम्मु काश्मिरका एक स्थानमा चुनाव हुँदैछ । निर्वाचन आयोगका अनुसार यस चरणमा कुल एक हजार ७१७ उम्मेदवार चुनावी मैदानमा छन् ।

यस चरणको चुनावमा एआइएमआइएमका प्रमुख असासुद्दीन ओवैसी, समाजवादी पार्टीका अध्यक्ष अखिलेश यादव, पश्चिम बङ्गाल काङ्ग्रेसका प्रमुख अधिररञ्जन चौधरी, टिएमसीका नेता महुआ मोइत्रा, भाजपाका नेता गिरिराज सिंह, जनता दल युनाइटेडका राजीव रञ्जन सिंह (ललन सिंह), टिएमसीका नेता शत्रुघ्न सिन्हा र खेलाडी युसुफ पठान मुख्य प्रतिस्पर्धी छन् ।

तेस्रो चरणको मतदानसम्ममा २८३ स्थानको चुनाव शान्तिपूर्णरूपमा सम्पन्न भइसकेको छ । भारतको लोकसभामा ५४३ सिट छन् ।

### श्रीलङ्काका पूर्वराष्ट्रपति सिरिसेनाद्वारा एसएलएफपीको अध्यक्ष पदबाट राजीनामा

कोलम्बो, १३ मे (एएनआई) । श्रीलङ्काका पूर्वराष्ट्रपति मैत्रीपाला सिरिसेनाले श्रीलङ्का फ्रिडम पार्टी (एसएलएफपी) को अध्यक्ष पदबाट राजीनामा दिनुभएको छ । उहाँले मन्त्री विजयदास राजापाक्षेलाई आफ्नो स्थानमा नियुक्त गर्नुभएको छ ।

सिरिसेनाको नेतृत्वमा रहेको एसएलएफपी गुटले आइतबार कोट्टेको एक होटलमा उहाँलाई भेटेपछि यो नियुक्ति गरिएको हो । मतदानपछि राजापक्षेलाई पार्टीको नयाँ अध्यक्षमा नियुक्त गरिएको थियो ।

यसै क्रममा वकिल कीर्ति उदावत्तेलाई पनि एसएलएफपीको कार्यवाहक महासचिवमा नियुक्त गरिएको छ । यद्यपि पूर्वराष्ट्रपति चन्द्रिका कुमारतुङ्गाको नेतृत्वमा रहेको एसएलएफपी गुटले नियुक्तिलाई मान्यता नदिएको बताएको छ ।

कोलम्बो गजेटका अनुसार पार्टीका सांसद दुमिन्दा दिसानायकले सिरिसेनाले गरेको नियुक्ति 'अवैध' भएको बताउनुभएको छ ।

### इराकद्वारा सन् २०२५ को अन्त्यसम्ममा 'संयुक्त राष्ट्रसङ्घको सहायता अभियान' अन्त्य गर्न आह्वान

बग्दाद, १३ मे (सिन्हवा) । इराकले सन् २०२५ को अन्त्यसम्ममा इराकका लागि संयुक्त राष्ट्रसङ्घीय सहयोग मिसन (युएनएएमआई) को सञ्चालन समाप्त गर्न अनुरोध गरेको छ । प्रधानमन्त्री मोहम्मद शिया अल-सुदानीको कार्यालयले जारी गरेको विज्ञप्तिमा संयुक्त राष्ट्रद्वारा गठित स्वतन्त्र रणनीतिक समीक्षा टोलीको निष्कर्षका आधारमा इराकले युएनएएमआईलाई सन् २०२५ सम्म सहयोग मिसन समाप्त गर्नका लागि गरेको अनुरोध पर्याप्त समयरेखा हुने उल्लेख छ ।

विज्ञप्तिमा इराकी सरकारले इराकको अनुरोध र स्वतन्त्र रणनीतिक समीक्षा टोलीको सिफारिसको जवाफमा मे महिनाको अन्त्यसम्ममा संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद्को प्रस्तावको अपेक्षा गरिएको जनाएको छ ।

इराकी सरकारको अनुरोधमा संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद्को सन् २००३ मा स्थापना गरिएको युएनएएमआई विशेष राजनीतिक मिसन हो । समावेशी, राजनीतिक संवाद, राष्ट्रिय र सामुदायिक स्तरमा मेलमिलाप अगाडि बढाउनु, इराकको सरकार र जनतालाई सल्लाह, समर्थन र सहयोगको गर्नु यसको प्राथमिकता हो । यसले चुनावी प्रक्रियामा पनि सहयोग गर्ने, इराक र छिमेकीबीचको क्षेत्रीय संवादलाई सहज र मानव अधिकारको संरक्षण र न्यायिक र कानुनी सुधारको लागि प्रवर्द्धन गर्दै आएको छ ।

### भारतको जयपुरका विद्यालयमा बम विस्फोट गराउने धम्की

नयाँ दिल्ली, १३ मे (सिन्हवा) । पश्चिमी भारतको जयपुर सहरमा कम्तीमा चार विद्यालयमा सोमबार बमको धम्की आएको छ । धम्कीपछि विद्यालय प्रशासनले विद्यार्थीहरू बाहिर निकालेको छ भने प्रहरीलाई बोलाएको छ । इमेलमा प्राप्त धम्कीले विद्यालय परिसरमा विस्फोटक पदार्थ राखिएको दाबी गरेको थियो । प्रहरी कारबाहीमा उत्रिएको छ र खोजी गर्न विद्यालयमा धेरै बम डिस्पोजल स्क्वाड र स्निफर कुकुरहरू पठाएको छ ।

तथापि अहिलेसम्म शङ्कास्पद केही पनि फेला परेको छैन । प्रहरीका अनुसार उक्त धम्की अफवाहजस्तो देखिन्थ्यो । जयपुरका पुलिस कमिश्नर बिजु जर्ज जोसेफले मिडियालाई चारदेखि पाँच विद्यालयमा बमको धम्की आएको जानकारी दिनुभयो । प्रहरी विद्यालयहरूमा पुगिसकेको छ ।

अन्तिम समाचार नआएसम्म विद्यालयमा खोजी कार्य जारी रहेको थियो । इमेल प्रेषकको पहिचान गर्ने प्रयास भइरहेको प्रहरीले जनाएको छ ।

आइतबार दिल्लीको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थल र राष्ट्रिय राजधानीका धेरै अस्पतालमा इमेलहरूमा बमको धम्की प्राप्त भएको थियो ।

यसै महिनाको सुरुमा भारतको राजधानी क्षेत्र दिल्लीका एक सयभन्दा बढी विद्यालयले यस्तै सन्देशहरू प्राप्त गरेका थिए । यसबाट ठूलो त्रास बढेको थियो । सन् २०२३ डिसेम्बरमा दक्षिणी भारतीय सहर बेङ्गलुरुका दर्जनौं विद्यालयमा बमको धम्की प्राप्त भएको थियो । पछि ती धम्की अफवाह साबित भएको थियो ।

# वीरगञ्जमा खानेपानीको सङ्कट गहिरिँदै

हिमाल लम्साल

वीरगञ्ज (पर्सा)। कैफुल हुँदा मियाँ ५० वर्षदेखि वीरगञ्ज महानगरपालिका-१२ मुर्ली नयाँ टोलमा बसोबास गर्दा कहिल्यै पनि खानेपानीको समस्या भोग्नु परेनन्। तर, दुई वर्षयता उहाँको घरसँगै रहेको चापाकलमा पानी सुकेसँगै अचम्मित पर्दै आउनुभएको छ।

उहाँले विगत स्मरण गर्दै भन्नुभयो, “म नौ वर्षको उमेरदेखि वीरगञ्जमा बसोबास गर्दै आइरहेको छु। ५० वर्षे अवधिमा यहाँ कहिल्यै पनि खानेपानीको अभाव महसुस गर्नु परेन। गत वर्ष हिउँदेयाममा चापाकल सुकेपछि जेनतेन गुजारा चलाएँ तर यो वर्ष पनि चापाकल सुकेपछि खानेपानी कार्यालयबाट नयाँ धारा जडान नगरी धरै पाइएन।”

वीरगञ्ज महानगरवासीले दुई वर्षयता चैतदेखि असारसम्मको अवधिमा आफ्नो घर प्राङ्गणमा खनेको चापाकल सुकेसँगै खानेपानीको हाहाकार महसुस गर्दै आइरहेका छन्। घर-घरमा चापाकलको पानी सुकेसँगै पछिल्लो समय नेपाल खानेपानी संस्थान शाखा कार्यालय वीरगञ्जमा खानेपानीको नयाँ लाइन जडान गर्नेको भिडभाड नै लाग्न थालेको छ। कार्यालयमा दैनिक ५० देखि एक सयको हाराहारीमा चापाकल सुकेर नयाँ धारा जडान गर्न भन्दै आउने गरेका छन्। वीरगञ्ज महानगरमा चापाकल सुकेर खानेपानीको समस्या भोग्ने मियाँ एक्ला होइनन्। महानगरमा उहाँजस्तै खानेपानीको समस्या भोग्ने चोकचोकमा भेटिन्छन्।

वीरगञ्ज महानगरपालिका वडा नम्बर १० बजरङ्ग टोलका गम्भिरा गिरी पनि आफ्नो चापाकल सुकेसँगै नयाँ धारा जडानको निवेदनसहित खानेपानी सस्थानको कार्यालयमा निवेदन लिएर आउनुभयो। उहाँले भन्नुभयो, “हामीले पहिला खानेपानीको यस्ता समस्या भोगेकै थिएनौँ। एक्कासि दुई वर्षदेखि चैतदेखि असारसम्मको अवधिमा चापाकल सुक्ने समस्या देखिदैँ आइरहेको छ। खोइ, जमिनमुनिको पानीको सतह घटेरै होला त चापाकलको पानी सुकेको होला नि।”

उहाँको अनुभवमा पछिल्ला वर्षमा तराई-मधेसमा गर्मी बढेसँगै खानेपानीको समस्या देखिन थालेको हो। उहाँले थप्नुभयो, “यहाँका बुढापाकाको कुरा सुन्दा कहिल्यै पनि पानीको अभाव भएको सुनेका थिएनौँ। चापाकलको पानी सुकेसँगै पिउनका लागि, सरसफाइ र शौचालय जाने पानीको अभाव हुँदै आइरहेको छ। पानी नहुने हो भने त सबैकुरा लथालिङ्ग हुने रहेछ।”

वीरगञ्ज महानगरवासी राकेश सिंहले पनि चापाकल सुकेसँगै शिव मन्दिरसँगै रहेको सार्वजनिक धाराको पानी उपयोग गरेर गुजारा चलाउँदै आइरहेको बताउनुभयो। उहाँले भन्नुभयो, “अहिले त मेरो आधा काम नै पानी बोक्नेजस्तो भइसक्यो। अब खानेपानीको धारा जोडेर नै अघि बढ्नुपर्ला जस्तो छ।” वीरगञ्ज महानगरमा विशेष गरेर वडा नम्बर १ बजार छपकैयाँ, वडा नम्बर २ छपकैया, वडा नम्बर १२ मुर्ली, वडा नम्बर १० आदर्शनगर, वडा नम्बर १५ लक्ष्मणवा, वडा नम्बर १६ नगवा, इनर्वालगायतका सबैजसो वडामा खानेपानीको चर्को समस्या छ।

वीरगञ्ज महानगरपालिका वातावरण तथा विपद् व्यवस्थापन महाशाखा प्रमुख राकेश साहले वीरगञ्ज महानगरको ग्रामीणभन्दा पनि सहरी क्षेत्रमा हिउँदेयामको केही महिना खानेपानीको अभाव हुने गरेको बताउनुहुन्छ। उहाँले भन्नुभयो, “सुक्खायाममा चुरे क्षेत्रमा जमिनमुनि पानीको रिचार्ज कम हुने गर्छ। त्यसले गर्दा हरेक वर्ष हिउँदयाममा भूमिगत पानीको सतह घट्दै गइरहेको छ। पहिला-पहिला त चापाकल खासै सुक्दैनथ्यो तर, अहिले भने चापाकलमा पानी सुक्ने गरेको छ।”

महाशाखा प्रमुख साहले आफ्नो प्रारम्भिक अध्ययनले वीरगञ्जको भूमिगत पानीको सतह घट्दै गइरहेको बताउनुहुन्छ। उहाँले भन्नुभयो, “मैलै भूमिगत पानीको सतहको गत वर्ष र चालु आवको तुलनात्मकरूपमा केही अध्ययन गरेको थिएँ। सो अध्ययनले गत वर्षको तुलनामा चालु आवमा भूमिगत पानीको स्रोत क्रमश: घट्दै गइरहेको देखिन्छ। प्रारम्भिक अध्ययनले गत वर्षको तुलनामा चालु आवमा दुई-तीन फिट पानीको सतह घटेको देखियो।” उहाँले महानगरले खानेपानीको समस्या सम्बोधन गर्नका लागि विभिन्न सार्वजनिक स्थानमा बोरिङ खनेर पानी वितरण गर्दै आइरहेको बताउनुभयो।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय वीरगञ्जका वितरण शाखा प्रमुख सञ्जीवकुमार यादव वीरगञ्ज महानगरवासीको चापाकल सुकेसँगै खानेपानी कार्यालयमा नयाँ धारा जडानको लागि आउनेको सङ्ख्या बढिरहेको बताउनुहुन्छ। उहाँले भन्नुभयो, “चुरे क्षेत्रको विनाशकै कारणले पनि वीरगञ्ज आसपास क्षेत्रको भूमिगत पानीको सतह घट्दै गइरहेकोले पनि खानेपानीको विकराल समस्या देखिएको हो। गत आवको अन्त्यसम्म वीरगञ्ज महानगर क्षेत्रमा आठ हजार चार सयमात्रै खानेपानीका ग्राहक थिए। हिउँदेयाममा चापाकल सुकेसँगै यो वर्षमात्रै २४ सयभन्दा धेरै ग्राहक थपिएका छन्।” कार्यालयका अनुसार अहिले कुल ग्राहक सङ्ख्या १० हजार आठ सय रहेका छन्।

कार्यालयका अनुसार वीरगञ्ज क्षेत्रको खानेपानीको मुख्यस्रोत नै भूमिगत पानी हो। अन्य पहाडी जिल्लामा जस्तो यहाँ कुनै नदीबाट पानी ल्याएर वितरण गर्ने गरिँदैन। खानेपानी संस्थानसँग दैनिक एक करोड ६८ लाख लिटर खानेपानी उत्पादन गर्ने क्षमता रहेको छ। सो क्षमतामध्ये अहिले वीरगञ्ज महानगर क्षेत्रमा एक करोड १५ लाख ५० हजार लिटर पानीको दैनिक माग रहेको छ। तर, कुल उत्पादन क्षमता भने ४० प्रतिशत खानेपानी चोरी तथा चुहावट हुने गरेको छ।

कार्यालयका अनुसार अहिले ११ वटा भूमिगतबाट पानी तान्ने ठुला प्रकृतिका बोरिङ रहेका छन्। यद्यपि, कार्यालयसँग करिब डेढ दर्जनको हाराहारीमा सानाठुला बोरिङ रहेका छन्। कार्यालयसँग कम्तीमा वीरगञ्जका २० हजार घरधुरीलाई खानेपानी खुवाउन सक्ने क्षमता छ। तर,अहिले पूर्वाधार र बजेट अभावको कारणले सकिरहेको छैन।

खानेपानी संस्थानले वीरगञ्जमा खानेपानीको लागि दुई सय ५० देखि तीन सय मिटर गहिराइबाट पानी निकाल्ने गर्छ। सत्यम बोरिङ उद्योग वीरगञ्जका सञ्चालक राजु चौरासियाले विगतको तुलनामा भूमिगत पानीको स्रोत सुक्दै गएकाले पनि अझै गहिराएर बोरिङ खन्नुपर्ने अवस्था सिर्जना भएको बताउनुहुन्छ। उहाँले भन्नुभयो, “यो वर्षमात्रै हामीले करिब रु. ८५ लाखको ठेक्कामा रामगढवा र नगवा क्षेत्रमा खानेपानीको बोरिङ खनेका थियौँ। ठुला डिपबोरिङ खन्दा पानीको अभाव नभए पनि ससाना चापाकलको लागि भने पानीको स्रोत सुक्दै गइरहेका छन्।”

ठुला खालका डिपबोरिङ खन्न त्यति धेरै महँगो नपर्ने उहाँको भनाइ रहेको छ। खानेपानी संस्थानले चालु आवमा महानगरभित्र ५० किलोमिटर खानेपानीको पाइपलाइन विस्तार गर्ने लक्ष्य राखेको छ। हालसम्म भने १८ किलोमिटर मात्रै पाइपलाइन विस्तार भएको छ। वितरण प्रमुख साहले सरकारले पर्याप्त मात्रामा बजेट उपलब्ध गराउन सकेको खण्डमा वीरगञ्जमा देखिएको खानेपानीको समस्या समाधान गर्न गाह्रो नहुने बताउनुहुन्छ।

**भूमिगत पानी झिक्दाको पनि तथ्याङ्क जरुरी**

भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय पर्साका निमित्त डिभिजन प्रमुख विकास ठाकुरले सहरी घनाबस्तीमा भूमिगत पानीको उच्च दोहनकै कारणले पानीको सतह घट्दै गइरहेको बताउनुहुन्छ। उहाँले भन्नुभयो, “अहिले जथाभावीरूपमा घरघरमा भूमिगतपानी आफूखुसी ढङ्गले निकाल्ने प्रवृत्ति बढिरहेको छ। पछिल्ला समय वीरगञ्ज आसपासको क्षेत्रका चापाकल सुक्ने गरेका छन्। भूमिगत पानीको सतह घटेसँगै अबदेखि चार इन्चभन्दा ठुलो प्वाल पारेर पम्प राखेर मात्रै पानी तान्नुपर्ने अवस्था सिर्जना हुँदै छ।”

निमित्त डिभिजन प्रमुख ठाकुरले तराई-मधेस क्षेत्रमा रहेका चुरे संरक्षण गरेर भूमिगत खानेपानीको स्रोत जोगाउनुपर्ने बताउनुहुन्छ। उहाँले भन्नुभयो, “अब हामीले भूमिगत पानी कति निकालिरहेका छौँ भनेर वैज्ञानिकरूपमा तथ्याङ्क सङ्कलन गर्ने बेला भइसकेको छ। हामीले ५/१० वर्षको तथ्याङ्क सङ्कलन गरेपछि मात्रै तुलनात्मकरूपमा अध्ययन गर्न सक्ने थियौँ। त्यसैले अब डीप ट्युबवेललगायतमा डाटा सङ्कलन गर्ने प्रविधि जडान गर्न आवश्यक देखिएको छ।”

**वडाकै अग्रसरतामा बोरिङ**

वीरगञ्ज महानगरले आफ्नै सक्रियतामा विभिन्न सार्वजनिक स्थानमा खानेपानीका लागि बोरिङ खन्दै आइरहेको छ। त्यसको अलावा वडा कार्यालयकै सक्रियतामा पनि सानो प्रकृतिका बोरिङ खनेर खानेपानी वितरण पनि गर्दै आइरहेको छ। वीरगञ्ज महानगरपालिका-९ का वडाध्यक्ष जवाहरप्रसाद गुप्ता जनप्रतिनिधिका रूपमा आएसँगै साढे १६ लाख खर्चेर पानमण्डी स्काउट सडकखण्ड र रानीघाट क्षेत्रमा चार इन्च पाइप क्षमताको दुई वटा बोरिङ खनेर वडावासीलाई खानेपानी वितरण गर्दै आइरहेको बताउनुहुन्छ।

उहाँले भन्नुभयो, “जनप्रतिनिधिको रूपमा आएसँगै वडाकै बजेटबाट दुई ठाउँमा बोरिङ खनेर पानी वितरण गर्दै आइरहेका छौँ। यसले वडामा पानीको अभावलाई केही हदसम्म भए पनि नियन्त्रण गर्दै आइरहेका छौँ। अन्य वडाको तुलनामा नौ नम्बर वडा सानो भए पनि रानीघाट क्षेत्रमा भने अझै खानेपानीको अभाव कायमै छ। अर्को बोरिङ खन्ने योजना बनाइरहेको छु।” वडा कार्यालयले पानमण्डी स्काउट सडकखण्डमा खनेको बोरिङबाट एक सय ५ घरधुरी लाभान्वित भएका छन्। रानीघाट क्षेत्रमा राखेको बोरिङबाट ८५ घरधुरी लाभान्वित भइरहेका छन्।

**खानेपानी जडान शुल्क**

खानेपानी संस्थानले वडा कार्यालयको सिफारिसपत्रसहित आएका ग्राहकलाई खानेपानी जडान गर्दै आइरहेको छ। नयाँ खानेपानीको लाइन जडान गर्नको लागि घरधनीको नागरिकताको प्रतिलिपि, लालपुर्जाको प्रतिलिपि, नापी कार्यालयबाट ल्याएको ब्लुप्रिन्ट र वडा कार्यालयको सिफारिसलगायतका कागजात लिएर आउनुपर्ने हुन्छ।

कार्यालयले नयाँ धारा जडान शुल्कबापत रु. छ हजार तीन सय ७० रकम लिने गर्दछ। महानगरका वडा कार्यालयले खानेपानीको जडानको सिफारिस गरेबापत शुल्क पनि छुट्टै तोकेका छन्। संस्थानका अनुसार मासिक १० हजार लिटर मात्रै पानी खपत गर्ने ग्राहकले खानेपानी महसुलबापत एक सय १० रूपैयाँमात्रै तिरेपुग्छ। सोभन्दा बढी पानी प्रयोग गरेको खण्डमा भने प्रतिहजार लिटर रु. २५ रूपैयाँको दरले अतिरिक्त तिर्नुपर्ने व्यवस्था छ।

वितरण प्रमुख यादवले खानेपानीको पाइप विस्तार भएको ठाउँमा नयाँ ग्राहकको घरमा एक साताभित्रै खानेपानी जडान हुने बताउनुभयो। “हामीसँग नयाँ खानेपानी धारा जडान गर्नका लागि निकै सीमित जनशक्ति रहेको छ। हामीले दैनिक ३० घरधुरीमा भन्दा धेरै नयाँ जडान गर्न सकिरहेका छैनौँ,” उहाँले भन्नुभयो। ***रासस***

“दिगो, विश्वासिलो र भरपर्दो संस्था”

**बालाखु गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

**Balakhu Ganesh Saving & Credit Co-operative Ltd.**

भक्तपुर नगरपालिका-२, ब्यासी, भक्तपुर, फोन नं. ०१-६६१९३४५, ९७४१८०२४३८

## लिलाम बिक्रीसम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०२/०१ गते, मङ्गलबारको ‘मजदुर’ दैनिक पत्रिकामा प्रकाशित

यस संस्थाबाट ऋण लिने तपसिलबमोजिमका ऋणी सदस्यले ऋण लिँदा गरिदिएको लिखत तथा शर्तनामामा तोकिएअनुसार बुझाउनुपर्ने सावाँ, ब्याजसमेत रकमहरू नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र संस्थाबाट मौखिक एवं लिखितरूपमा पटक पटक तरताकेता गर्दासमेत सोको बेवास्ता गरी ऋण दायित्व फछ्र्यौट गर्नेतर्फ कुनै तदारुकता नदेखाएको हुनाले ‘मजदुर’ दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउनेबारे मिति २०८०/११/२४ गते ३५ (पैतीस) दिने, २०८०/१२/२९ गते १५ (पन्ध्र) दिने र २०८१/०१/१४ गते ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरि सम्पूर्ण सावाँ, ब्याज साथै अन्य दै-दस्तुर चुक्ता गर्न अनुरोध गर्दासमेत आजका मितिसम्म उक्त ऋण चुक्ता नगरी बस्नुभएको हुँदा ऋणी सदस्य तथा धनजमानतले ऋण लिँदा गरेको सम्झौताबमोजिम यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हालसम्मको सावाँ ब्याजसमेतको दाखिला गर्नुहोला अन्यथा यो सूचना प्रकाशित भएको मितिले ३६ औँ दिन धितो जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम बिक्री गर्न लागिएको हुँदा लिलाम बढाबढ गरी लिन इच्छुक महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत दिनुहुने ऋणी तथा व्यक्तिगत जमानतसमेतलाई सुरक्षणमा रहेको धितो लिलाम बिक्री गरिने बारेको जानकारी यसै सूचनाद्वारा गराइन्छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा उक्त संस्थाबाट गरिएको मूल्याङ्कन रकमभन्दा कम मूल्यमा लिलामी बिक्री भयो वा मेरो हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई संस्थाले कम मूल्यमा लिलाम बिक्री गऱ्यो भनी कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुनेछैन। साथै सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको बिनियम, ऋण नीति तथा प्रचलित कानुनबमोजिम ऋणी स्वयं र व्यक्तिगत धनजमानत कर्ताहरूको अन्य चल अचल सम्पत्तिहरूबाट धितोले नखामेको बक्यौता ऋण रकम असुलउपर गरिनेछ। उल्लीखत मितिमा बोलपत्र एवं लिलाम बढाबढ हुन नसकेमा संस्था आफैँले पनि उक्त धितो सकार गरी लिन सकिनेछ।

**तपसिल**

**ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण :**

| | |
|---|---|
| १. **ऋणी** : चम्पा थापा<br>(ना.प्र.नं. १४३६, जारी मिति: २०४३/१०/१५, जि.प्र.का, भक्तपुर)<br>**ठेगाना** : भक्तपुर जिल्ला, झौखेल गा.वि.स वडा नं: ७<br>**बाबु/पतिको नाम** : गगनबहादुर खड्का/हरीबहादुर थापा क्षेत्री<br>**बाजे/ससुराको नाम** : रामचन्द्र थापा | १. **जमानीकर्ता** : हरीबहादुर थापा क्षेत्री<br>(ना.प्र.नं. ८०९, जारी मिति : २०३३/११/१३, जि.प्र.का. भक्तपुर)<br>**ठेगाना** : भक्तपुर जिल्ला, झौखेल गा.वि.स वडा नं. ७<br>**बाबु/पतिको नाम** : रामचन्द्र थापा<br>**बाजे/ससुराको नाम** : तेजबहादुर थापा |
| २. **जमानीकर्ता** : निरञ्जन थापा<br>(ना.प्र.नं. १३७११, जारी मिति : २०६०/०६/२६, जि.प्र.का. भक्तपुर)<br>**ठेगाना** : भक्तपुर जिल्ला, झौखेल गा.वि.स वडा नं. ७<br>**बाबु/पतिको नाम** : हरीबहादुर थापा क्षेत्री<br>**बाजे/ससुराको नाम** : रामचन्द्र थापा | ३. **जमानीकर्ता** : निराजन थापा<br>(ना.प्र.नं. ५००५, जारी मिति: २०५८/०९/२४, जि.प्र.का. भक्तपुर)<br>**ठेगाना** : भक्तपुर जिल्ला, झौखेल गा.वि.स वडा नं. ७<br>**बाबु/पतिको नाम** : हरीबहादुर थापा क्षेत्री<br>**बाजे/ससुराको नाम** : रामचन्द्र थापा |
| ४. **जमानीकर्ता** : शर्मिला थापा<br>(ना.प्र.नं. २९-०१-७४-०३५५२, **जारी मिति** : २०७४/०७/२०, जि.प्र.का. भक्तपुर)<br>**ठेगाना** : भक्तपुर जिल्ला, चाँगुनारायण न.पा.वडा नं. ३<br>**बाबु/पतिको नाम** : निराजन थापा<br>**बाजे/ससुराको नाम** : हरीबहादुर थापा क्षेत्री | ५. **जमानीकर्ता** : दीपा थापा<br>(ना.प्र.नं. २९-०१-७१-०३९६४, जारी मिति : २०७१/०९/०२, जि.प्र.का, भक्तपुर)<br>**ठेगाना** : भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं.७<br>**बाबु/पतिको नाम** : निरञ्जन थापा<br>**बाजे/ससुराको नाम** : हरिबहादुर थापा क्षेत्री |

**धितोमा रहेको अचल सम्पत्तिको विवरण :**

**जग्गाधनीको नाम** : चम्पा थापा
**जग्गाधनीको बाबु/पतिको नाम** : गगनबहादुर खड्का/हरीबहादुर थापा क्षेत्री
**जग्गाधनीको ससुराको नाम** : रामचन्द्र थापा
**घर/जग्गाको विवरण** : भक्तपुर जिल्ला, झौखेल गा.वि.स. वडा नं ७ को कि.नं ६३८ को क्षेत्रफल ०-७-०-० को जग्गा र सो जग्गामा बनेको घर तथा सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापातसमेत।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरू :**

१. सूचना प्रकाशित भएको ३६ औँ दिन संस्थाको कार्यालयमा दिनको ठीक ३:०० बजे लिलाम बढाबढ हुनेछ। उक्त दिन बिदा परेमा सोको भोलिपल्ट लिलाम बढाबढ गर्ने काम हुनेछ। लिलाम बढाबढ गर्दा सबैभन्दा बढी अङ्क बोल्ने व्यक्तिलाई दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
२. लिलाम सकार गर्ने व्यक्तिले सोही दिन आफूले सकार गरेको मूल्यको १० (दस) प्रतिशत रकम सोही दिन संस्थामा दाखिला गरेको हुनुपर्नेछ। दाखिला नगरेमा लिलाम बिक्री सकार गरेको मानिने छैन।
३. शर्त नं (२) बमोजिम दाखिला गरी बाँकी भएको रकम लिलाम बिक्री सकार भएको मितिले ७ (सात) दिनभित्र संस्थामा दाखिला गरेको हुनुपर्नेछ। सो भाखाभित्र बाँकी रकम दाखिला नगरेमा शर्त नं (२) बमोजिम दाखिला गरेको धरौटी रकम जफत भई संस्थाको आम्दानी हिसाबमा बाधिनेछ।
४. लिलाम बिक्री सकार भएको सम्पत्ति सम्बन्धित कार्यालयबाट दा.खा.नामसारी गर्दा लाग्ने सम्पूर्ण कर तथा राजस्व लिलाम बिक्री सकार गर्ने व्यक्तिले नै बुझाउनु पर्नेछ।
५. लिलाम बिक्री सकार गर्ने व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्र तथा अप्राकृतिक व्यक्तिको हकमा दर्ता प्रमाणपत्र, पान कार्ड, इजाजत पत्र आदि पेस भएको हुनुपर्नेछ।
६. लिलाम बिक्री स्थानीय निकाय, विभिन्न सरकारी कार्यालयका प्रतिनिधि, ऋणी तथा सर्वसाधारणको रोहबरमा गरिनेछ। स्थानिय निकाय, विभिन्न सरकारी कार्यालयका प्रतिनिधि तथा ऋणी उपस्थित नभएमा लिलाम बिक्रीको कार्यक्रम स्थगित गरिने छैन।
७. लिलाम बिक्री सञ्चालन वा स्थगन गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित हुनेछ।
८. लिलाम बिक्रीको विस्तृत जानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ।

# टर्कीमा रोजगारी दिने भन्दै ठगी गरेको आरोपमा पक्राउ

काठमाडौँ, ३१ वैशाख (रासस) । टर्कीस्थित युएन मिसन कार्यालयमा रोजगारी दिलाउने भन्दै रु. चार करोड ठगी गरेको आरोपमा प्रहरीले एकजनालाई पक्राउ गरेको छ । पोखरा महानगरपालिका-५ का ४२ वर्षीय विनोद श्रेष्ठलाई पक्राउ गरि सोमबार प्रहरीले पत्रकार सम्मेलन गरेर सार्वजनिक गरेको हो ।

उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईले भन्नुभयो, “टर्कीको युएन मिसन कार्यालयमा वर्क परमिटमा कामदार पठाउने, त्यहाँ गएपछि आकर्षक तलब हुने प्रलोभनमा पारी मीनबहादुर कार्कीलगायत एक सय २४ जना व्यक्तिबाट रु. चार करोड ३४ लाख उठाएपश्चात् सम्पर्कविहीन भई फरार रहेको उजुरीको आधारमा पक्राउ गरेका हौँ ।”

आरोपित श्रेष्ठले चुच्चेपाटीस्थित जमघट रेस्टुरेन्टमा पीडितहरुसँग भेटेर सुरुमा रु. ५० हजार र भारतमा लगेर प्रतिव्यक्ति रु. तीन लाख लिएको अनुसन्धानबाट खुलेको उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी नायब उपरीक्षक गोविन्द पन्थीले बताउनुभयो । उहाँका अनुसार पीडितहरुबाट लिएको रकमले आरोपित श्रेष्ठले चाबहिलमा सालो नाता पर्ने सुजन भुजेलका नाममा तीन करोड ५० लाखमा घर किनेको भेटिएको छ । केन्द्रीय अनुसन्धान ब्यूरोबाट ठगी मुद्दामा अनुसन्धानमा परी श्रेष्ठकी पत्नी सुरुची भुजेल र सालो सुजन भुजेल पुर्पक्षका लागि कारागारमा पठाइसकिएको प्रहरीले जनाएको छ ।

श्रेष्ठलाई काठमाडौँ महानगरपालिका-७ चावहिलबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरी वरिष्ठ उपरीक्षक भट्टराईले बताउनुभयो ।

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सुनसहित दुई जना पक्राउ

काठमाडौँ, ३१ वैशाख । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सुनसहित दुई जना भारतीय नागरिकलाई गएराति प्रहरीले पक्राउ गरेको छ ।

फ्लाई दुबईको एफजेड-५७५ को उडानमार्फत गएराति काठमाडौँ आएका ३३ वर्षीय सुरेश कुमार र ३४ वर्षीय मोहनकुमार गणेशनलाई पक्राउ गरिएको विमानस्थल सुरक्षा प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक कृष्णहरि शर्माले राससलाई जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “गएराति फ्लाई दुबईबाट काठमाडौँ आएका दुई जना भारतीयले आफूले लगाएको लुगामा सुनजस्तो देखिने पहेँलो रङको धातु लेपन/पेष्ट गरिएको अवस्थामा फेला परेपछि पक्राउ गरिएको छ ।”

पक्राउ परेकामध्ये सुरेश कुमारको लुगासहितको उक्त सुन जस्तो देखिने पहेँलो रङको धातुको तौल दुई किलो छ सय ग्राम तथा मोहनकुमारको लुगासहितको तौल दुई किलो पाँच सय ग्राम हुन आएको विमानस्थल सुरक्षा प्रमुख शर्माले जानकारी दिनुभयो । उक्त विषयमा प्रहरीले थप अनुसन्धान गरिरहेको उहाँले बताउनुभयो । ***रासस***

# सट्टेबाजीमार्फत रु. दुई अर्बभन्दा बढीको कारोबार गर्ने पक्राउ

काठमाडौँ, ३१ वैशाख (रासस) । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले विश्वमा सञ्चालन हुने विभिन्न खेलहरूमा सट्टेबाजी गर्न प्रयोग हुने बेटिङ, वानएक्स बेट, जुवा ३६५ तथा क्रिफ्टोमार्फत रु. दुई अर्ब एक करोडभन्दा बढीको कारोबार गरेको अभियोगमा एक जनालाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको छ ।

पक्राउपर्नेमा काभ्रेपलाञ्चोक मण्डदेपुर नगरपालिका-८ घर भई हाल भक्तपुर सूर्यविनायक नगरपालिका-२ बस्ने २४ वर्षीय अनिल ढुङ्गाना रहेको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईले सोमबार पत्रकार सम्मेलनमार्फत जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “ढुङगानाले ५५ वटा बैङ्क खातामार्फत उक्त कारोबार गरेको पाइएको र निजले वानएक्स बेट, जुवा ३६५ जस्ता अनलाइन बेटिङ वेबसाइटको प्रयोग गरी रु. दुई अर्ब एक करोडभन्दा बढीको कारोबार गरेको खुलेको छ ।”

यसैगरी निजसँग विभिन्न व्यक्तिका नाममा रहेका मोबाइल नम्बरबाट ११ वटा कनेक्ट आईपीएस, १५ वटा ईसेवा वालेटमा लिङ्क गरिएका ५६ वटा बैङ्कमा हालसम्म रू दुई अर्ब एक करोड १८ लाख ४४ हजार कारोबार गरेको प्रारम्भिक अनुसन्धानबाट भेटिएको प्रहरी वरिष्ठ उपरीक्षक भट्टराईले बताउनुभयो ।

बिनान्समार्फत दुई वटा खाता प्रयोग गरेर विभिन्न दुई सय ४३ प्रकारका क्रिप्टोकरेन्सीमा हालसम्म नेपाली रु. एक अर्ब ३४ करोड कारोबार गरेको भेटिएको जानकारी दिइएको थियो ।

***पार्टी...***

बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ ललितपुर जिल्ला समिति सदस्य लक्ष्मी देसारको सभापतित्वमा भएको कार्यक्रममा मनिता देसारले पनि बोल्नुभएको थियो ।

## हार्दिक समवेदना



जन्म: २०११/०९/१५
निधन: २०८१/०१/१०

भक्तपुर जिल्ला भ.न.पा. वडा नं. ४ गपली टोल बस्ने यस संस्थाका सदस्यता नं. ७१३४ का सदस्य **कमला सुवाल**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## हार्दिक समवेदना



जन्म
२०२०/०५/१७

निधन
२०८१/०१/२८

**गणेशबहादुर मानन्धर**

हाम्रा आत्मीय मित्र महेश मानन्धरका पूजनीय पिता **गणेशबहादुर मानन्धर**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**FRIENDS Zone**
मूलढोका, भक्तपुर

## हार्दिक समवेदना



जन्म : २०१५-१२-२१
निधन : २०८१-०१-२५

यस संस्थाका सदस्यता नं. ८७१ का सदस्य **लतंकुमार दुवाल**को दु:खद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**थालाछेँ बचत तथा ऋण सहकारी संस्था लि.**
थालाछेँ-१०, भक्तपुर फोन नं. ६६१६५८०

## तातो हावा 'लु' बाट जोगिने उपाय

- सकेसम्म दिउँसो घरबाट बाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चिसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरा सेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने,

नेपाल सरकार
विज्ञापन बोर्ड


## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

**संस्थाको ऋण सुविधा उपयोग गरौं ।**

### नव उद्यम ऋण

वार्षिक १०% ब्याजदरमा

- स्वदेशमै नयाँ व्यवसाय सुरु गर्न ।
- हाल अधिकतम **पचीस लाख** सम्मको लगानी ।



वार्षिक १२% ब्याजदरमा



### सरल व्यवसायिक ऋण

- बिनाधितो सदस्यहरूको व्यवसायिक समस्या समाधान गर्न ।
- हाललाई अधिकतम **पाँच लाख**सम्मको लगानी ।

### पेसागत ऋण

वार्षिक १२% ब्याजदरमा

- विभिन्न पेसामा संलग्न सदस्यहरूको घरायसी तथा व्यवसायिक आर्थिक समस्या बिनाधितो समाधान गर्न ।
- हाल अधिकतम **पाँच लाख**सम्मको लगानी

* सर्तहरु लागु हुनेछ ।



व्यवस्थापक

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

चोर्चा-७, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्रयातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE


भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
## ख्वप माध्यमिक विद्यालय
भ.न.पा.६, देकोचा, भक्तपुर

## बोलपत्र आह्वानको सूचना

गोरखापत्रमा प्रकाशित मिति : २०८१/०२/०१

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयको लागि आवश्यक विविध फर्निचर तथा विद्यार्थी पोशाकहरू खरिद गर्नुपर्ने भएकोले बोलपत्रको Bid Document मा तोकिएको Specification अनुसारका इजाजत प्राप्त व्यवसायी, फर्म कम्पनीहरूले इजाजत प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, २०७९/८०कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिसमेत संलग्न गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको webportal (www.bolpatra.gov.np/egp) मार्फत Online Bid Submission गर्नुहुन वा विद्यालयमा हार्ड कपी खरिद गरी बोलपत्र म्यादभित्र सिलबन्दी बोलपत्र दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । Online Bid submit गर्न चाहने बोलपत्रदाताले यस विद्यालयको निम्नानुसारको राजस्व खातामा Bid price दाखिला गरी सोको सक्कल भौचरको Scanned copy समेत अपलोड गर्नुपर्नेछ । साथै विस्तृत जानकारीको लागि (फोन नं. ६६१०९३२) सम्पर्क गर्नसमेत अनुरोध गरिन्छ ।

**बैङ्कको नाम** : नेपाल बैङ्क लिमिटेड, कमलविनायक, भक्तपुर शाखा, **खातावालाको नाम** : ख्वप माध्यमिक विद्यालय
**फाराम शुल्क जम्मा गर्ने आम्दानी खाता नं.** ०१९००१०००२३९८८००००१,
**धरौटी रकम जम्मा गर्ने खाता नं.** ०१९००१०००२४००९००००१

| S.N | Contract ID: | Description | Bid Document fee | Bid Security Amount |
|---|---|---|---|---|
| 1 | Khwopass/NCB/Goods /080/81/u | Procurement of Supply and Delivery of Uniform Cloth and other Goods | 3,000/- | 2,31,000/- |
| 2 | Khwopass/NCB/Goods /080/81/fnr | Procurement of Supply and Delivery of Furniture | 3,000/- | 1,42,000/- |

**प्रिविड मिटिङ हुने मिति/समय** : २०८१/०२/१७ गते, दिउँसो १४:०० बजे
**बोलपत्र पेस गर्ने अन्तिम मिति/समय** : २०८१/०२/३२ गते, दिउँसो १२:०० बजे
**बोलपत्र खोलिने मिति/समय** : २०८१/०२/३२ गते, दिउँसो १३:०० बजे

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु ★ सम्पादक : विष्णुगोपाल कुसी ★ कार्यालय : कमलविनायक, भक्तपुर ★ फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७ ★ E-mail: majdurdaily@gmail.com ★ मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा